# देवानगञ्ज गाउँपालिकाको शिक्षा ऐन, २०७७ (दोश्रो सम्सोधन)

देश र समाजको सर्वपक्षीय विकास र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढिकरणका लागि नागरिकहरुमा सदाचार, सहिष्णुता, नैतिकता र मानवीय मूल्यको प्रवर्द्धन गर्न तथा सीपयुक्त, परिश्रमी, सिर्जनसिल र प्रतिस्पर्धी क्षमता भएका योग्य नागरिक तयार गर्नको लागि यस देवानगञ्ज गाउँपालिकामा स्थापना हुने र यो ऐन प्रारम्भ हुनु भन्दा अघि स्थापना भई संचालन भइरहेका विद्यालयहरुलाई ब्यवस्थित गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाका रुपमा विकसित गर्नु वान्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा ५७, अनुसूची ८ को सूची नं. ८ तथा स्थानीय तह सञ्चालन ऐन, २०७४, परिच्छेद ३, को दफा, १०२ बमोजिम १ नं. प्रदेश अन्तर्गतको यस देवानगञ्ज गाउँपालिकाको गाउँसभाले यो शिक्षा ऐन बनाएको छ ।

## परिच्छेद– १

## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः

१) यस ऐनको नाम "देवानगञ्ज गाउँपालिकाको शिक्षा ऐन २०७७" रहेको छ ।

२) यो ऐन सुनसरी जिल्ला देवानगञ्ज गाउँपालिकामा लागू हुनेछ ।

३) यो ऐन स्थानिय राजपत्रमा प्रकाशित भए पश्चात प्रारम्भ हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:

(क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ख) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एक देखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ग) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ङ) "विद्यालय शिक्षा" भन्नाले शिशु कक्षा देखि कक्षा बाहसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(च) "गाउँ कार्यपालीका" भन्नाले सुनसरी जिल्लाको देवानगञ्ज गाउँ कार्यपालिका सम्झनु पर्छ

(छ) "गाउँ सभा" भन्नाले सुनसरी जिल्लाको देवानगञ्ज गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

(ज) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिकअपाङ्गता भएका बालबालिकालाई दिइने विशेष व्यवस्थापन सहितको शिक्षा सम्झनु पर्छ ।

(झ) "प्राविधिक तथा ब्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

बेचन प्रसाद मेहता
अध्यक्ष

(ञ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकारबाट नियमित रूपमा अनुदानपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ट) "संस्थागत विद्यालय" भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ठ)"अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनीअभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्दछ। सो शब्दले विद्यार्थीका बुवा, आमा, बाजे, बज्यै तथा अभिभावक नभएका विद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(ड)"शिक्षक" भन्नाले विद्यालयमा शिक्षण सिकाइ गर्न नियुक्त अध्यापक सम्झनुपर्छ ।

(ढ)"प्रधानाध्यापक" भन्नाले विद्यालयको शैक्षिक, प्रशासनिक, आर्थिक र व्यवस्थापकीय जिम्मेवारी तोकिएको अध्यापक सम्झनुपर्दछ ।

(ठ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

ड)"तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावलीमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(ढ)"अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ण)"स्वीकृति" भन्नाले तोकिएबमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार र प्रदेश सरकार समेतको मापदण्डको आधारमा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(त) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(थ)"शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(ध)"प्रारम्भिक बालशिक्षा" भन्नाले चार वर्ष माथि र पाँच बर्ष मुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनुपर्छ ।

(न)"शिक्षा समिति" भन्नाले गाउँ शिक्षा समिति वुझाउने छ ।

(प)"स्थानिय शिक्षा अधिकारी" भन्नाले गाउँ शिक्षा समितिको सचिव तथा शिक्षा शाखा प्रमुखलाई वुझाउने छ ।

## परिच्छेद– २

## विद्यालयको सञ्चालन, प्रकार, वर्गीकरण, अनुमती, स्वीकृती, समायोजन तथा नियमन।

बेचन प्रसाद मेहता
अध्यक्ष

३) विद्यालयको सञ्चालनः

(१) विद्यालय संचालन गर्दा तोकिए बमोजिमको आधारमा गाउँपालिकाबाट अनुमति लिई सञ्चालन गर्नुपर्नेछ।

(२) विद्यालयको संचालन अनुमति, स्विकृति, बर्गिकरण र समायोजन तोकिए बमोजिम हुनेछ ।

(३) गाउँपालिकाले प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापनको लागि तोकिए बमोजिम थप व्यवस्था गर्न सक्नेछ । प्रारम्भिक बालविकाश सहजकर्ताको समायोजन र सरुवा गाउँपालीकाले गर्नेछ ।

(४) गाउँपालिकाले तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने छ ।

(५) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) गाउँपालिकाले तोकिए बमोजिमको आधारमा विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न वा कक्षा थप गर्न सक्ने छ ।

४) माध्यमिक शिक्षाको प्रकारः

१) माध्यमिक शिक्षाको प्रकार देहायबमोजिमको हुनेछ ।

क) साधारण माध्यमिक शिक्षा ।

ख) संस्कृत माध्यमिक शिक्षा ।

ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

५) शिक्षाको माध्यमः

१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबैभाषा हुनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ –

क) आधारभूत तहको शिक्षा मातृभाषामा दिन सकिनेछ ।

ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

६) गाउँ शिक्षा समितिसम्बन्धी व्यवस्थाः

१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ –

क) गाउँपालिकाका अध्यक्ष – संयोजक

ख) प्रमुख प्रसशाकिया अधिकृत – सदस्य

बेचन प्रसाद मेहता
अध्यक्ष

ग) गाउँपालिकाले तोकेको गाउँकार्यपालिका सदस्य मध्येबाट कम्तिमा एक जना महिला सहित दुई जना - सदस्य

घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँकार्यपालिकाले मनोनित गरेको एकजना – सदस्य

ङ) स्थानीय समाज सेवी वा शिक्षा प्रेमी मध्येबाट गाउँ शिक्षा समिति बाट मनोनित एक जना दलित, दुई जना महिला र अन्यएक सहित पाँच जना- सदस्य

ङ)आधारभूत, माध्यमिक तह समेटने गरी विद्यालयका शिक्षक तथा प्रधानाध्यापकहरु मध्येबाट गाउँकार्यपालिकाले मनोनित गरेको एकजना महिला सहित दुईजना – सदस्य

च) गाउँपालिका क्षेत्रको संस्थागत विद्यालयहरु मध्येबाट गाउँ शिक्षा समिति ले मनोनित गरेको एक जना सदस्य

छ) गाउँपालिका स्थित विशेष शिक्षा, समावेसी शिक्षा वा स्रोत कक्षा विद्यालय वा अपांग सम्बन्धि शिक्षण संस्था बाट प्रतिनिधित्व हुने गाउँ शिक्षा समितले मनोनित गरको अपांगता भएको व्यक्ति एक जना -सदस्य

ज) गाउँपालिकाको शिक्षा शाखा प्रमुख – सदस्य सचिव

२) समितिका मनोनित सदस्यको कार्यकाल ३ वर्षको हुनेछ ।

३) गाउँ शिक्षा समितिको बैठकमा प्रदेश सभा तथा संघीय संसदका सदस्यलाई पर्यविक्षकको रुपमा भागलिन आमन्त्रण गर्न सकिनेछ ।

४) गाउँ शिक्षा समितिको बैठक कम्तिमा महिनामा एकपटक बस्ने छ र आवश्यकता अनुसार सो भन्दा बढीमा बस्नसकिने छ ।बैठकमा विषय विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

५) उपदफा (१) अनुसार मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा गाउँ कार्यपालिकाले पदमुक्त गर्नेछ तर स्पष्टिकरणको मौकावाट वञ्चित गरिने छैन ।

६) बैठक सञ्चालनका लागि समितिले आफ्नो कार्यविधि आँफै बनाउनेछ ।

**७) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः**

क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

ख) गाउँपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने, कक्षा थप्ने र घटाउने कार्य गर्ने ।

ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने गराउने ।

घ) आपनो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने गराउने ।

च) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक, कर्मचारीदरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने गराउने ।

छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने ।

ज) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

झ) अभिभावक,कर्मचारी र शिक्षक बीच विवाद भएमा त्यसको समाधान गर्ने ।

ञ) शिक्षाको गुणस्तर कायम राखे, सूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्ने तोकिए अनुसार अपेक्षित गुणस्तर कायम भएका विद्यालयलाई पुरस्कृत गर्ने, नभएकालाई सघाउने तथा लगातार तीन वर्षसम्म राम्रो नतिजा नल्याउनेलाई नसियत दिने ।

ट) विद्यालयहरुलाई सामाजिक परीक्षण गर्न लगाउने ।

ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने ।

ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गराउने ।

ढ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ।

ण) शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाही गर्ने गराउने ।

त) विशेषज्ञहरुको छनौट गरी ठेगाना, फोन, इमेल भएको सम्पर्क सहितको सूची प्रकाशन गर्ने ।

थ) संस्थागत विद्यालय संचालनको मापदण्ड बनाउने, संचालनको स्वीकृती र अनुमतीको लागि गाउँपालिकालाई सिफारिस गर्ने ।

द) नक्सांकन, जोनिङ सहित विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह र कक्षा थप गर्ने वा कक्षा घटाउने नीति तर्जुमा गरी गाउँपालिकामा पेस गर्ने ।

ध) विद्यालयमा विषयगत शिक्षक दरवन्दी मिलान गर्ने तथा शिक्षक कर्मचारीहरुको सरुवा व्यवस्थापन गर्ने , वालविकाश सहजकर्ता व्यवस्थापन, नियुक्ति, सरुवा र समायोजन गर्ने ।

न) सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने ।

प) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने ।

फ) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

ब) विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने ।

भ) शिक्षक तालिम नीति तर्जुमा गरी लागु गर्ने ।

म) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

य) विद्यालयहरुलाई सक्षमतामा अधारित अनुदान दिने वा अनुदान दिन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

बेचन प्रसाद
अध्यक्ष

र) विद्यालयका शिक्षक तथा कर्मचारीलाई आवश्यक परेमा प्रोत्साहनसहित स्वेच्छिक अवकासको प्रवन्ध गर्ने ।

ल) गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरु बीच स्वस्थ प्रतिस्पर्धा गराई विद्यार्थीहरुको चौतर्फि बिकासकालागि अतिरिक्त कृयाकलाप सञ्चालन गर्ने ।

व) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**७) स्थानिय शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार**

क) गाउँ स्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ कार्यपालिकामा पेश गर्ने ,गराउने ।

ख) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने ।

ग) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुरिवेक्षण गर्ने, गराउने ।

घ) गाउँकार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

ङ.) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने र तदनुसार पुरस्कार तथा दण्डको लागि स्थानीय सरकारमा सिफरिस गर्ने ।

ङ) आधारभूत तहका कक्षा ८ को अन्तिम तथा वाह्य परीक्षा संचालन गर्ने ।

च) सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको अभिलेख राख्रे ।

छ) विद्यालयमा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गरे नगरेको अनुगमन गर्ने ।

ज) विद्यालयको लेखापरिक्षक छनौट र नियुक्तिको लागि प्रमुख प्रसशाकिया अधिकृत समक्ष पेश गर्ने ।

झ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने गराउने ।

ञ) विद्यालयबाट प्राप्त प्रतिवेदन मुल्यांकन तथा कार्यान्वयन गर्ने ।

ट) शिक्षकको तलवी प्रतिवेदन स्वीकृतका लागि सिफारिस गर्ने ।

ठ) विद्यालयको शैक्षिक कार्यक्रमको नियमित अनुगमन गर्ने गराउने ।

ड) गाउँ शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने ,

ढ) शिक्षकको नियुक्ति, सरुवा तथा अन्य पेशागत बृद्धि विकाशको कार्य हेर्ने ।

ञ) स्थानिय शिक्षा अधिकारी वा गाउँशिक्षा शाखा प्रमुखको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**८. विद्यालय व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकारः**

१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः–

बेचन प्रसाद मेहता
अध्यक्ष

क) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा दुई जना महिला सहित चारजना -सदस्य

ख) विद्यालय रहेको वडाको वडाध्यक्ष वा वडा समितिले तोकेको एकजना सदस्य -सदस्य

ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, जग्गादाता वा चन्दा दाता मध्येबाट विद्यालयलाई निरन्तर उल्लेखनिय सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना -सदस्य

घ) शिक्षकहरुले आफूमध्येबाट चयन गरी पठाएको शिक्षक प्रतिनिधी एकजना- -सदस्य

ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

२) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बनाउँदा माथि उल्लेखित ख, ग, घ, र ङ बाहेकका सदस्यहरु मध्येबाट बनाउनु पर्नेछ ।

स्पष्टीकरणः क) अभिभावक भन्नाले विद्यालयमा अध्ययन गर्ने बालविकास देखि कक्षा १२ सम्मका विद्यार्थीका बाबु, आमा ,सगोलको दाजु, दिदी, भाउजु, बाजे, बजेलाई जनाउँछ । तर विद्यालय व्यवस्थापन समिति गठन प्रयोजनको लागि ३ वर्ष माथिका बालविकास देखि कक्षा १२ सम्मका गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरुले चालु शैक्षिक सत्रमा विधार्थीको विद्यालयमा भएको उपस्थितिलाई आधार मान्दै चालु शैक्षिक सत्रमा विद्यालय खुलेको दिनलाई १०० प्रतिशत मानि न्यूनतम ४० प्रतिशत बराबर दिन उपस्थित भएका विद्यार्थीका बाबु, आमा ,सगोलको दाजु, दिदी, भाउजुलाई मात्र जनाउँछ. ।

३) प्रधानाध्यापकले दफा १० को उपदफा (१) बमोजिमको व्यवस्थापन समितिको छनौट गर्नको लागि तत्कालको व्यवस्थापन समितिको कार्य अवधि समाप्त हुनु भन्दा तीस दिन अगावै सात दिनको लिखित सूचना दिई अभिभावकको भेला बोलाउनु पर्नेछ । तर कुनै कारणले व्यवस्थापन समिति विघटन भएको वा व्यवस्थापन समितिको सदस्यको पद रिक्त भएको अवस्थामा त्यसरी विघटन वा रिक्त भएको मितिले पन्ध्र दिनभित्र व्यवस्थापन समिति वा रिक्त सदस्यको छनौटको लागि यस ऐन बमोजिम सूचना दिई अभिभावकको भेला बोलाउनु पर्ने छ ।

४) उपदफा (३) बमोजिम सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नको लागि शिक्षा शाखा प्रमुख वा निजले तोकेको अधिकृतको संयोजकत्वमा प्रधानाध्यापक र वडाको वडा अध्यक्ष वा निजले तोकेको वडाको निर्वाचित सदस्य रहेको तीन सदस्यीय छनौट सहयोग समिति गठन गर्नेछ ।

५) उपदफा १ अनुसार बाबु आमा नभएमा सगोलको घरमुली सम्भव भएसम्म बढी शिक्षित जेठा व्यक्ति वा लालन पालन र पठनपाठन को ब्यावस्था मिलाउने एकाघरको जोकोही १ जना व्यक्तिलाई मात्र

बेचन प्रसाद मेहता
अध्यक्ष

जनाउँछ ।तर अनाथ ठुहुरा, मावल, वा अर्काको घरमा बसी कामकाज गरी अध्ययन गर्नेको हकमा भने बसोबास तथा लालन पालन र पठन पाठन को व्यवस्था मिलाउने ब्यक्तिलाई जनाउँछ ।

६) उपदफा (२) बमोजिम छानिएका अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । वि. व्य.स. अध्यक्ष हुन सम्बन्धित विद्यालय तह उत्तीर्ण गरी २५ वर्ष उमेर पुरा भएको हुनुपर्नेछ । तर विद्यालय विकाशमा योगदान गरेका शिक्षाप्रेमि र जग्गादाता वा चन्दादाता लाई यस नियम दफा आकर्षित हुने छैन । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरणं नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउन अघि वा समिति बिघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

७) अभिभावक भेलावाट विद्यालय व्यवस्थापन समितिका लागि सदस्य छनौट हुनेछ। यसरी अभिभावक भेलागर्दा तिन दिन अगावै जानकारी अभिभावकलाइ दिनुपर्नेछ। तर दुई पटक अभिभावक भेला गर्दा पनि सहमतिवाट अध्यक्ष तथा सदस्यहरु चयन हुन नसके अभिभावक मतदाता भएको निर्वाचन मध्यमबाट छनोट गरिने छ ।

८) विद्यालय व्यवस्थापन समिति समिति गठन नभए सम्मको लागि उपदफा (१) को खण्ड (ख) (घ) र (ङ) बमोजिमका सदस्यहरुको समिति कायम रहने तथा खण्ड (ख) बमोजिमका सदस्यले समितिको अध्यक्षता गर्ने छन् ।यो समितिले अनिवार्य विद्यालय यथाशिघ्र व्यवस्थापन समिति गठन गरिसक्नु पर्ने छ ।

**९) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने ।

ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने ।

ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने ।

घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने

ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक,धार्मिक वा साम्प्रादायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने ।

च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाक तोक्ने र सो को कार्यान्वयन गर्ने ।

छ)प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगवाट सिफारिस भएका शिक्षक पदको लागि योग्य उम्मेदवारलाई हाजिर गराई काममा लगाउने तथा गाउँपालिकावाट स्वीकृत दरवन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने ।

ज) गाउँपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई अनिवार्य हाजिर गराई काममा लगाउने

बैचन प्रसाद मेहता
अध्यक्ष

झ) गाउँपालिकाबाट तोकिएको सूचिकृत लेखापरीक्षकबाट अनिवार्य विद्यालयको वार्षिक लेखा परीक्षण गराउने ।

ञ) लेखापरीक्षकको प्रतिवेदनअनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने ।

ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,गराउने ।

ठ) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मुलन तथा आधारभूत शिक्षा सुनिश्चित गर्न पहल गर्ने ।

ड)तोकिए बमोजिम दरवन्दीका शिक्षकलाई कामको आधारमा प्रोत्साहन र विभागीय कारवाही गर्ने।

ढ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुविधा तोक्ने र तोकिएबमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने ।

ण) विद्या लय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने ।

त) विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न र सामाजिक परीक्षण गराउन शिक्षक अभिभावक संघ गठन गर्ने ।

थ)नेपाल सरकार वा गाउँपालिकाले गरेको व्यवस्था बमोजिम तोकिएको कर्मचारीलाइ तोकिएको तलव भत्ता प्रदान गर्ने ।

द)वि.व्य.स. पदाधिकारीबाट नियमित अनुगमन गर्नु समितिको दायित्व हुनेछ ।

ध) अन्य कार्यहरु शिक्षा शाखा प्रमुख संग परामर्श तथा समन्वय गरी गर्ने ।

न)तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

**१०. विद्यालय व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि:**

१) सामुदायिक विद्यालय व्यवस्थापन समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

२) सामुदायिक विद्यालय व्यवस्थापन समितिको बैठक समितिको अध्यक्षको निर्देशनमा सदस्य– सचिवले बोलाउनेछ ।

३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय व्यवस्थापन समितिका एक तिहाई सदस्यले लिखित अनुरोध गरेमा व्यवस्थापन समितिको सदस्य सचिवले जहिलेसुकै पनि व्यवस्थापन समितिको बैठक बोलाउनु पर्नेछ ।

४) व्यवस्थापन समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य– सचिवले साधारणतया बहत्तर घण्टा अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

५) व्यवस्थापन समितिमा तत्काल कायम रहेका पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा व्यवस्थापन समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

बेचन प्रसाद मेहता
अध्यक्ष

६) व्यवस्थापन समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले गर्नेछ ।

७) व्यवस्थापन समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

८) व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि व्यवस्थापन समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

**११. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्यको योग्यताः**

देहायको व्यक्ति विद्यालय विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैनः

क) गैर नेपाली नागरिक ।

ख) पच्चीस वर्ष उमेर पूरा नभएका ।

ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको ।

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको ।

ङ) बहालवाला शिक्षक तथा कर्मचारी ।

च) विद्यालयलाई कुनै प्रकारको नगदी जिन्सि तिर्न बुझाउन बाँकी रहेको व्यक्ति ।

**१२. साभुदायिक विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्ने :**

१) देहायको कुनै अवस्थामा शिक्षा समितिको सिफारिशमा कार्यपालिकाले सामुदायिक विद्यालयको व्यवस्थापन समिति विघटन गर्न सक्नेछ –

क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा ।

ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा ।

ग) संघीय तथा प्रदेश कानूनको उल्लङ्घन तथा विद्यालयको हित विपरीत काम गरेमा ।

घ) सम्बन्धित निकाय वा अधिकारीले दिएको कानून अनुसारको निर्देशन पटक पटक उल्लङ्घन गरेमा ।

ङ) आर्थिक अनियमितता र भ्रष्टाचारजन्य काम गरेमा ।

२) यस दफा वमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भए सो विद्यालयले समिति विघटन भएको पैतालिस दिनभित्र अर्को विद्यालय व्यवस्थापन समिति गठन गरी सक्नु पर्नेछ । तोकिएको समयभित्र समिति पुनर्गठन नभएमा उक्त विद्यालयमा जाने सवै प्रकारका निकासा रोक्का राख्न सकिनेछ ।

**१३. संस्थागत विद्यालय व्यवस्थापन समितिको गठन :**

१) यस ऐन र अन्तर्गत व्यवस्था भएका समितिहरूको अधिकार क्षेत्र वाहेक संस्थागत विद्यालय सञ्चालन गर्ने प्रत्येक संस्थागत विद्यालयमा देहाय वमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

बेचन प्रसाद महता
अध्यक्ष

क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येवाट विद्यालयको सिफारिसमा शिक्षा शाखा प्रमुखले मनोनित गरेको व्यक्ति – अध्यक्ष

ख) अभिभावकहरू मध्येबाट १ जना महिला समेत गर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना – सदस्य

ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरूमध्येबाट सम्वन्धित एकजना – सदस्य

घ) सम्वन्धित क्षेत्रको शिक्षा अधिकृत – सदस्य

ङ) विद्यालयका शिक्षकले आफुहरूमध्येबाट छानी पठाएको एकजना – सदस्य

च) विद्यालयका प्रधानाध्यापक – सदस्य सचिव

२) सम्बन्धित विद्यालय क्षेत्रको शिक्षा अधिकृतको पद खाली रहेको अवस्थामा विद्यालय व्यवस्थापन समितिको बैठकमा भाग लिन स्थानिय शिक्षा अधिकारीले अरु कुनै अधिकृतलाई पर्यविक्षकको रूपमा पठाउन सक्ने छ ।

३) व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा शिक्षा समितिले स्वीकृत गर्नेछ । तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजीनामा व्यवस्थापन समितिको ज्येष्ठ सदस्यले स्वीकृत गर्नेछ ।

४) व्यवस्थापन समितिका अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण गरेको नदेखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदवाट हटाउन सक्नेछ । तर त्यसरी पदवाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकावाट वञ्चित गरिने छैन ।

१४. संस्थागत विद्यालय व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि :

१) संस्थागत विद्यालयको व्यवस्थापन समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

२) व्यवस्थापन समितिको बैठक समितिको अध्यक्षको निर्देशनमा सदस्य– सचिवले बोलाउनेछ ।

३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापन समितिका एक तिहाई सदस्यले लिखित अनुरोध गरेमा व्यवस्थापन समितिको सदस्य– सचिवले जहिलेसुकै पनि व्यवस्थापन समितिको बैठक बोलाउनु पर्नेछ ।

४) व्यवस्थापन समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य– सचिवले सामान्यतया चौविस घण्टा अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

५) व्यवस्थापन समितिमा तत्काल कायम रहेका पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा व्यवस्थापन समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

६) व्यवस्थापन समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले गर्नेछ।

बेचन प्रसाद मेहता
अध्यक्ष

७) व्यवस्थापन समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

८) सम्वन्धित शिक्षा अधिकृतको उपस्थिति विना संस्थागत विद्यालयले भर्नाशुल्क निर्धारण र छात्रवृत्ति वितरण को बैठक गर्न सक्ने छैन ।

९) व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि व्यवस्थापन समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**१५. संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**

१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रत्येक संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ः

क) विद्यालयको शैक्षिक गुठीका गुठीयार वा कम्पनीका सञ्चालकसँग समन्वय गरी विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

ख) विद्यालयको लागि चाहिन आर्थिक स्रोत जुटाउने,

ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने,

घ) शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिदिएको तलब स्केलमा नघटाई तलब भत्ता दिने,

ङ) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाही गर्ने,

च) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

छ) नेपाल सरकार, प्रदेश सरकार वा गनउँपालिकाबाट सञ्चालन हुने विभिन्न शिक्षा सम्वन्धी कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

ज) विद्यार्थी, शिक्षक तथा अभिभावकहरूले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने,

झ) प्रचलित कानूनमा ब्यवस्था भए बमोजिमको दर्ता भएका लेखा परीक्षकहरुमध्येवाट कम्तिमा तीन जना लेखापरीक्षकको नाम लेखा परीक्षकका रुपमा नियुक्तिका लागि शिक्षा शाखा समक्ष पेश गर्ने र शिक्षा शाखाबाट नियुक्त लेखा परीक्षकवाट लेखा परीक्षण गराई सो को प्रतिवेदन शिक्षा शाखामा पठाउने ।

ञ) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन तर्फ उत्प्रेरित गर्ने व्यवस्था मिलाउने,

ट) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने,

बेचन प्रसाद महता
अध्यक्ष

ठ) व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने गराउने,

ड) गाउँपालिकासँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरू सञ्चालन गर्ने,

ढ) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम शिक्षा शाखासँग समन्वय गरी कार्यान्वयन गर्ने,

ण) विद्यालयको विपद् जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनीकरणका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्ने,

त) शिक्षक तथा कर्मचारीको सेवा शर्त तथा विभागीय कारबाहीलाई व्यवस्थित गर्न कार्यविधि बनाई शिक्षा समितिबाट स्वीकृत गराई लागू गर्ने,

थ) शिक्षा समिति र शिक्षा शाखाले दिएको निर्देशन अनुरूप काम गर्ने ।

द) शिक्षक एवं कर्मचारीलाई मापदण्ड बनाई पुरस्कृत गर्ने ।

ध) विद्यालयको अध्ययन अध्यापन कार्यलाई व्यवहारिक, सीपमूलक र गुणस्तरीय बनाउन सहयोगी भूमिका खेल्ने,

न) प्रत्येक वर्ष विद्यालयका लगानीकर्ता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा सामाजिक परीक्षण गराउने,

प) विद्यालयको चल अचल सम्पतिको लगत राख्ने तथा सुरक्षा गर्ने,

फ) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तत्थ्यांक र विवरण अध्यावधिक गराई राख्ने ,

ब) विद्यालयको वार्षिक वजेट स्वीकृत गर्ने त्यसको जानकारी शिक्षा समिति र शिक्षा शाखालाई दिने

म) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने तथा राजनैतिक धार्मिक वा साम्प्रदायिक भावनाका आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

२) व्यवस्थापन समितिले आफ्नो अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१६) शिक्षक अभिभावक संघको गठन, काम, कर्तव्य र अधिकारः**

१) सामुदायिक विद्यालयमा शिक्षक अभिभावकबीच सहकार्य तथा सामाजिक परिक्षण गरी व्यवस्थापनमा सहयोग गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक शिक्षक अभिभावक संघ रहनेछः

क) विद्यालयका अभिभावक मध्येबाट छनोट गरेका व्यक्ति – अध्यक्ष

बिचन प्रसाद मेहता
अध्यक्ष

कार्यपालिकाको कार्यालय
दैवानगञ्ज, सुनसरी
१ नं. प्रदेश, नेपाल

ख) अभिभावकले आफु मध्येबाट छानी पठाएका कम्तीमा एकजना महिला सहित तीन जना– सदस्य

ग) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरुबाट वडा समितिले मनोनयन गरेको एकजना– सदस्य

घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरु मध्येबाट समितिले मनोनयन गरेका एक जना महिला सहित तीन जना– सदस्य

ङ) विद्यालयका शिक्षकहरुले आफु मध्येबाट छानी पठाएका तहगत शिक्षक प्रतिनिधि दुईजना– सदस्य

च) प्रधानाध्यापक– पदेन सदस्य

छ) कार्यरत शिक्षकहरु मध्येबाट एकजना– सदस्य सचिव

समितिको बैठकमा विद्यालयले छानेको उच्चतम कक्षाको छात्र वा छात्रा मध्येबाट एकजनालाई आमन्त्रित गर्नु पर्ने छ ।

२) शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निर्माण गर्न विद्यालयलाई सहयोग गर्ने ।

ख) विद्यालयको सामाजिक परिक्षण गर्ने ।

ग) शैक्षिक गुणस्तर अभिबृद्धिका लागि सहयोग गर्ने ।

घ) विद्यालय भर्ना अभियान संचालन गर्न विद्यालयलाई सहयोग गर्ने ।

ङ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

परिच्छेद ३

विद्यालय तहको शिक्षक तथा विद्यालय कर्मचारी र बाल विकास शिक्षकको दरवन्दी, सेवाशर्त, योग्यता एवम् सक्षमताको मापदण्ड

**१७.शिक्षक कर्मचारीको दरवन्दी निर्धारण गर्ने :**

१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षक, कर्मचारी दरवन्दी निर्धारण तोकेबमोजिम हुनेछ ।

२) गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिएबमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्ने छ ।

३) उपदफा (१) र (२) बमोजिम दरवन्दी सिर्जना भई नियुक्ति भएका शिक्षक र कर्मचारीको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले राख्नु पर्नेछ । यसरी नियुक्त भएका शिक्षक, कर्मचारीको सेवा सुविधा गाउँपालिका मार्फत भुक्तानी गर्नुपर्ने छ ।

बेचन प्रसाद मेहता
अध्यक्ष

१८. शिक्षक तथा कर्मचारीको सेवा, सर्त, योग्यता र सक्षमता शिक्षक तथा कर्मचारीको सेवा, सर्त, योग्यता र सक्षमता तोकिएबमोजिम हुनेछ ।

१९. स्थायी अध्यापन अनुमति पत्र लिनु पर्ने

अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैन ।

२०. शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था

१) सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न गाउँपालिकामा एक शिक्षक महासंघ रहने छ ।

२) शिक्षक महासंघको गठन तोकिए बमोजिम हुनेछ ।

३) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन वडा शिक्षा समिति मार्फत गाउँशिक्षा समितिमा सिफारिस गर्नेछ :

क) तोकिए बमोजिमको पदीय दायित्व पूरा नगरेमा ।

ख) बिनासूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा, ।

ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा, ।

घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा, ।

ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेको वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेको प्रमाणित भएमा, ।

च) शिक्षक र कर्मचारी कुनै पनि राजनीतिक दलको कुनै पनि तहको कार्य समितिको सदस्य रहेको पाइएमा, ।

छ) निजले अध्यापन गरेको विषयमा तीन वर्षभित्रको औसत शैक्षिक उपलब्धि प्रतिशत राष्ट्रिय र प्रदेशको औसत स्तरभन्दा कम भएमा ।

४) उपदफा (३) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा गाउँशिक्षा समितिले निजलाई पदबाट हटाउन सक्नेछ तर कार्यरत पदवाट हटाउनु अघि मनासिब माफिकको स्पष्टीकरणको मौका दिईने छ ।

२१.अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने

१) दफा २२ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक र कर्मचारी अदालतको आदेश वा फैसलाबमोजिम सेवामा पुनः बहाली हुनसक्ने छ ।

२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले सेवाबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब बृद्धि पाउने भए सोसमेत पाउनेछ ।

२२. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने

बेचन प्रसाद मेहता
अध्यक्ष

१) नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले सो अवधिको तलब भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

२३. स्थायी आवासीय अनुमति लिन नहुने

१) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनैपनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुँदैन ।

परिच्छेद ४

शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम, वृतिविकास

२४. करारमा शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्तिसम्बन्धी व्यवस्था:

१) क) विद्यायलमा रिक्तदरबन्दी ,राहत शिक्षक र कर्मचारी पदमा करार नियुक्तिको लागि गाउँपालिकामा देहाय बमोजिमको एक शिक्षक छनौट समिति हुनेछ ।

१) गा.पा. अध्यक्ष वा निजले तोकेको शिक्षा विद – संयोजक

२) प्रमुख प्रसशाकिया अधिकृत सदस्य

३) गाउँ शिक्षा समितिले तोकेको दुइजना विषय विज्ञ – सदस्य

४) गाउँपालिकाको शिक्षा शाखा प्रमुख – सदस्य सचिव

ख) करारमा शिक्षक तथा कर्मचारी नियुक्ति प्रयोजनकालागी गाउँपालिकाले बिषय विशेषज्ञको सुची अद्यावधिक गरी राखु पर्नेछ ।

ग) विद्यालयका शिक्षकहरुको तोकिए बमोजिमको कार्यसम्पादन करार गराई शैक्षिक गुणस्तर र उपलब्धि हासिल गराइने छ ।

२) शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय गा.पा. को शिक्षा शाखामा रहनेछ ।

३) आयोगले शिक्षक वा कर्मचारी छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नुपर्नेछ ।

४) शिक्षक तथा कर्मचारी छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

२५. दरबन्दी नभएको पदमा शिक्षक वा कर्मचारी नियुक्ति वा सरुवा गर्न नहुने:

१) शिक्षक वा कर्मचारीलाई दरबन्दी रिक्त नरहेको वा दरवन्दी नभएको विद्यालयमा नियुक्ति वा सरुवा गर्नु हुँदैन ।

बेचन प्रसाद मेहता
अध्यक्ष

२) अनुसूची- १२ मा उल्लिखित विषयको शिक्षक नरहेको विद्यालयमा अर्को विषयको शिक्षक नियुक्ति वा सरुवा गर्नु हुँदैन ।

३) उपदफा (१) वा (२) विपरीत कसैले कुनै शिक्षक वा कर्मचारी नियुक्ति वा सरुवा गरेमा त्यस्तो शिक्षक वा कर्मचारीको लागि तलब भत्ता बापत खर्च भएको रकम त्यसरी नियुक्ति वा सरुवा गर्ने अधिकारीबाट असुल उपर गरी त्यस्तो अधिकारीलाई विभागीय कारबाही गरिनेछ ।

२६. सामुदायिक विद्यालयको कर्मचारी सम्बन्धी व्यवस्थाः

१) नेपाल सरकारले सामुदायिक विद्यालयका कर्मचारीका लागि निश्चित मापदण्डका आधारमा विद्यालयलाई वार्षिक रूपमा अनुदान उपलब्ध गराउनेछ ।

२) विद्यालय सेवा सर्त सम्बन्धी प्रचलित कानूनको अधिनमा रही सेवा प्रवेश तथा सेवा निवृत्त हुने उमेर समेत खुलाई कार्यविधि बनाउनु पर्नेछ । निवृत्त हुने उमेर ६० वर्ष भन्दा बढी हुने गरी कार्यविधि बनाउन पाइने छैन । विद्यालयले उक्त कार्यविधि शिक्षा अधिकृत समक्ष पेश गर्नुपर्नेछ र सो कार्यविधि शिक्षा शाखाको अभिलेखमा दर्ता भएपछि मात्र कार्यान्वयन हुनेछ ।

३) यो ऐन प्रारम्भ हुनअघि कुनै विद्यालयमा प्रचलित कानुन बमोजिम कुनै कर्मचारी नियुक्ति भई यो ऐन प्रारम्भ हुदाँका बखतसम्म कार्यरत रहेको भए त्यस्तो विद्यालयले उपदफा (३) बमोजिमको कार्यविधिको अधिनमा रही त्यस्तो कर्मचारीलाई समायोजन गर्नुपर्नेछ ।

४) सामुदायिक विद्यालयको कर्मचारीलाई दफा २२ बमोजिमको पर्याप्त कारण देखाइ विद्यालय व्यवस्थापन समितिले निस्कासन गर्न शिक्षा समिति समक्ष सिफारीस गर्न सक्नेछ ।

२८. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः

१) सामुदायिक विद्यालयमा एकजना प्रधानाध्यापक रहनेछ ।

२) प्रधानाध्यापकको नियुक्ति, सेवा, सर्त र सुविधा सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः

क) माध्यमिक तहमा स्थायी तथा स्नातकोत्तर उपाधि प्राप्त वरिष्ठ शिक्षक हुनुपर्ने छ । सो नभएमा स्नातकोत्तर योग्यता प्राप्त शिक्षकमध्येबाट प्रधानाध्यापकको नियुक्तिको लागि विद्यालय व्यवस्थापन समितिले निर्णय गरी गाउँशिक्षा समितिमा पेश गरिनेछ । विद्यालय व्यवस्थापन समितिबाट प्र.अ. छनौट हुन नसकेमा शिक्षा समितिले निमित्त प्रधानाध्यापक सिफारीस गर्नेछ ।

ख) आधारभूत तहमा स्थायी, तथा स्नातक योग्यता प्राप्त वरिष्ठ शिक्षक हुनुपर्ने छ । वरिष्ठ शिक्षकले प्रधानाध्यापक पदभार नलिने लिखित अनुरोध पेश गरेमा वा असक्षम भएमा स्नातक योग्यता प्राप्त शिक्षक मध्येबाट प्रधानाध्यापकको नियुक्ति विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँशिक्षा समितिबाट गरिनेछ । विद्यालय व्यवस्थापन समितिबाट प्र.अ. छनौट हुन नसकेमा शिक्षा समितिले निमित्त प्रधानाध्यापक सिफारीस गर्नेछ ।

बेचन प्रसाद मेहता
अध्यक्ष

ग) आधारभूत तह (१–५)मा स्थायी, तथा कक्षा १२ को योग्यता प्राप्त वरिष्ठ शिक्षक हुनुपर्ने छ । वरिष्ठ शिक्षकले प्रधानाध्यापक पदभार नलिने लिखित अनुरोध पेश गरेमा वा असक्षम भएमा स्नातक योग्यता प्राप्त शिक्षक मध्येबाट प्रधानाध्यापकको नियुक्ति विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँशिक्षा समितिबाट गरिनेछ । विद्यालय व्यवस्थापन समितिबाट प्र.अ. छनौट हुन नसकेमा शिक्षा समितिले निमित्त प्रधानाध्यापक सिफारीस गर्नेछ ।

घ) प्रधानाध्यापकले नियुक्ति हुनुपूर्व पाँच बर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेस गर्नुपर्ने छ ।

ङ) विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

च) निजले पेस गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाइएमा, स्थानिय शिक्षा अधिकारी तथा शिक्षा शाखाको निर्देशन अनुरुपको कार्य पटक पटक नगरेमा गाउँशिक्षा समितिले हटाउन सक्नेछ तर एकपटक स्पष्टीकरणको मौका दिइनेछ ।

२९. शिक्षकको सरुवाः

१) सरुवा हुन आवेदन दिनेः दरवन्दीमा कार्यरत शिक्षकलाई गाउँशिक्षा समितिले तोकिएबमोजिमको प्रक्रिया अपनाई गाउँपालिका भित्र रित्त दरवन्दीमा सरुवा गर्नसक्ने छ ।

२) सरुवा हुन चाहने शिक्षकले सरुवाका लागि अनुसूची– १४ को ढाँचामा शिक्षा अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

३) पालिकाभित्र एक विद्यालयवाट अर्को विद्यालयमा तह तथा विषय मिल्ने दरवन्दीभित्र शिक्षा समितिको निर्णयानुसार शिक्षा अधिकृतले सरुवा गर्न सक्नेछ ।

४) सामन्यतः शिक्षकको सरुवा प्रत्येक शैक्षिक सत्रको अन्तिम महिना र शैक्षिक सत्रको पहिलो महिनामा गरिनेछ । तर विशेष अवस्थामा जुनसुकै समयमा पनि शिक्षकको सरुवा गर्न शिक्षा समितिले स्थानिय शिक्षा अधिकारीलाइ निर्देशन दिन सक्नेछ ।

५) एक पटक सरुवा भएको शिक्षकलाई सामन्यतः एक शैक्षिक सत्र सेवा पूरा नगरी सरुवा गरिनेछैन । तर कुनै विद्यालयमा कार्यरत शिक्षक असक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा निजलाई जुनसुकै वखत पनि सरुवा गर्न सकिनेछ ।

६) शिक्षक सरुवा गर्दा शिक्षकको तह र अध्यापन गर्ने विषय मिलाउनु पर्नेछ ।

७) शिक्षकको सरुवा देहायको मापदण्डका आधारमा गर्नु पर्नेछ :

क) तोकिएको जिम्मेवारी तोकिएको समयभित्र पूरा गर्न सम्वन्धित प्रधानाध्यापकले बारम्वार सचेत गराउँदा समेत जिम्मेवारी पुरा गर्न नसकेको भनी गाउँ शिक्षा समितिमा सिफारिस भएमा,



बैजुन प्रसाद मेहता
अध्यक्ष

ख) एउटा विद्यालयमा एकै विषयका आवश्यकता भन्दा बढी शिक्षक भएमा,

ग) दरवन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्डभन्दा बढी शिक्षक भएमा,

घ) उपदफा (६) को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको अवस्था भएमा,

ङ) विपद्को कारणबाट विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नु पर्ने अवस्थामा गाउँपालिकाको विपद् व्यवस्थापन समितिले सिफारिस गरेमा,

च) नैतिक आचरण लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखिरहँदा विद्यालयको शैक्षिक वातावरण खलबलिएको वा खलबलिन सक्ने व्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा,

छ) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा,

ज)पतिपत्नि दुबैजना शिक्षक रहेको अवस्था भए सकभर एकै विद्यालय वा वडाभित्रं पर्ने गरी सरुवा गर्नु परेमा,

झ) शिक्षक सरुवाको अन्य मापदण्ड शिक्षा समितिले तोके वमोजिम  हुनेछ ।

८) स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन ।

९) उपदफा (७) बमोजिम सरुवा गर्दा साधारणतया अपाङ्गता भएका शिक्षक शिक्षिकालाई पायक पर्ने स्थानमा सरुवा गरिनेछ ।

१०) शिक्षक सरुवा गर्दा लामो अवधि एकै विद्यालयमा बसेकालाई  प्राथमिकता दिइनेछ ।

११) सरुवा भएको एक्काईस दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षक वा कर्मचारीलाई अनुसूची– १३ को ढाँचामा रमाना पत्र दिई सोको जानकारी सम्बन्धित विद्यालय र शिक्षा शाखालाई समेत दिनु पर्नेछ ।

१२)गाउँशिक्षा समितिले विशेष परिस्थितिमा स्थाई दरबन्दी नभएको अवस्थामा पनि कुनैपनि शिक्षक तथा कर्मचारीलाई गा.पा. भित्रका बिद्यालयमा सरुवा गर्ने सकिन्छ ।

३०. अन्तर जिल्ला वा अन्तर स्थानीय तह शिक्षक सरुवा सहमति सम्वन्धी :

१) अन्तर स्थानीय तह शिक्षक सरुवा हुन चाहने शिक्षकले सरुवाको लागि तोकिएको ढाँचामा शिक्षा अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

२) यस ऐनको प्रयोजनको लागि शिक्षा शाखाले प्रत्येक बर्ष सरुवा भएका शिक्षकहरूको सङ्ख्या यकिन गरी प्रदेशको सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ ।

३) उपदफा (१) बमोजिम अन्तर जिल्ला वा अन्तर स्थानीय तह सरुवाको लागि निवेदन दिने शिक्षकलाई सरुवा भई जान चाहेको विद्यालय र सोसँग सम्बन्धित शिक्षा शाखा तथा आफू सेवारत विद्यालय र शिक्षा शाखाको सरुवा सहमतिको सिफारिस आवश्यक पर्नेछ । तर यस ऐनको सरुवा गर्ने मापदण्ड विपरित हुने गरी सरुवा सहमति दिइने छैन ।

बेचन प्रसाद
अध्यक्ष

४) उपदफा (१), (२) र (३) को प्रकृया पूरा गरेका शिक्षकहरूको सरुवा शिक्षा समितिको निर्णयानुसार शिक्षा शाखाले गर्नेछ ।

३१. शिक्षकको काज :

१) शिक्षा समितीले गाउँपालिका क्षेत्र भित्र रहेका शिक्षकहरुको गाउँपालिका भित्र आवश्यकता हेरी बढीमा तीन महिनाको लागि काज सरुवा गर्न सक्नेछ ।माथि जुनसुकै कुरा लेखिएको भए पनि शिक्षा समितिवाट शिक्षकको काज सरुवा नविकरण गर्न बाधा परेको मानिने छैन ।

३२.दरवन्दी मिलान :

१) तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरवन्दी मिलान गरिने छ ।

२) एकै विद्यालयमा पाँच बर्ष सेवा अवधि पुगेका शिक्षक कर्मचारीहरुलाई गाउँशिक्षा समितिले सम्बन्धित विद्यालयको सहमति वाहेक पनि दरवन्दि मिलानका क्रममा गाउँ क्षेत्र भित्रको अन्य विद्यालयमा सरुवा गर्न सक्नेछ ।

३३. शिक्षकको स्थायी नियुक्ति र बढुवासम्बन्धी व्यवस्था :

१) हालका स्वीकृत दरवन्दीमा शिक्षकहरुको स्थायी नियुक्ति तथा बढुवासम्बन्धी व्यवस्था नेपाल सरकारको संघीय र प्रादेशिक कानुनबमोजिम वन्ने शिक्षक सेवा आयोगबाट तोकेबमोजिम हुनेछ ।

२) स्थानीय तहबाट नियुक्ती पाएका शिक्षकहरुको सेवा सर्त तथा बढुवा सम्बन्धी व्यवस्था स्थानीय सरकारले तोकेबमोजिम हुनेछ ।

३४. तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था :

१) शिक्षकलाई संघीय, प्रादेशिक तथा स्थानीय तहबाट निर्धारित तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ ।

३५. शिक्षकलाई अन्य काममा लगाउन नहुने :

१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनसम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाईने छैन ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचनसम्बन्धी काम, दैवी प्रकोप उद्धार वा संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

बेचन प्रसाद मेहता
अध्यक्ष

परिच्छेदः ५

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापन

३६. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण :

१) विद्यालयमा विद्यार्थी संख्याअनुसार कक्षाकोठा, खेल मैदान, कम्पाउन्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरणमैत्री हाता, करेसावारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलगअलग शौचालय, सिकाइमैत्री वातावरण हुनु पर्नेछ ।

२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, मनोपरामर्श, छात्रामैत्री सेनिटरी प्याड जस्ता न्यूनतम सुविधा उपलब्ध हुनुपर्ने छ ।

३) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिएबमोजिम हुनेछ ।

३७. विद्यालयको सम्पत्ति :

१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐनबमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुनबमोजिम बेच बिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँशिक्षा कोषमा जम्मा गर्नेछ ।

२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

३) कम्पनी अन्तरगत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनुपर्ने छ तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारबाट पूर्व स्वीकृति लिनुपर्ने छ ।

५) विद्यालयले चल अचल सम्पत्ति वेचविखन गर्दा स्थानीय सरकारको अनुमतिवेगर वेच्न पाइने छैन ।

६) गुठि अन्तरगत सञ्चालित विद्यालयको सम्पत्ति सम्वन्धित गुठियारको संरक्षणमा रहनेछ । गुठियार नामसारी गर्न स्थानिय शिक्षा अधिकारीवाट अनुमति लिनुपर्ने छ ।

७) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य स्थानीय सरकारको हुनेछ ।

३८. पाठ्यक्रम र पाठ्यपुस्तक :

१) स्थानीय तहका विद्यालयहरूमा पठन पाठन हुने पाठ्यक्रम मन्त्रालयले निर्धारण गरे वमोजिम हुनेछ ।

बेचन प्रसाद मेहता
अध्यक्ष

२) पाठ्यसामग्रीको समयमै सहज उपलब्धताको सुनिश्चत गर्न शिक्षा समितिले आवश्यक कार्ययोजना वनाई लागू गर्नेछ ।

३) पाठ्यक्रम, पाठयपुस्तक, र पाठ्य सामग्रीमा सुधार तथा नयाँ पाठ्यक्रमको निर्माण गर्न आवश्यक देखिएमा शिक्षा शाखाको प्रतिवेदनको आधारमा शिक्षा समितिले कार्यपालिकालाई सिफारिस गर्ने र कार्यपालिकाको वहुमत सदस्यको निर्णयले मन्त्रालयमा अनुरोध गर्ने ।

४) थप पाठ्यसामग्री वा पाठ्यपुस्तक अध्यापन गर्न देहाय बमोजिम स्वीकृती लिनुपर्नेछ–

क) कुनै विद्यालयले थप पाठ्यसामग्री तथा पाठ्यपुस्तक प्रयोग गर्न चाहेमा स्वीकृतका लागि शिक्षा शाखामा निवेदन दिनुपर्नेछ ।

ख) खण्ड (क) बमोजिम परेको निवेदन जाँचबुझ गर्दा निवेदन दिने विद्यालयलाई थप पाठ्यसामग्री वा पाठ्यपुस्तक अध्यापन गर्न गराउन स्वीकृती दिन मनासिव देखिएमा त्यसरी माग गरिएका थप पाठ्यसामग्री वा पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको सूचीमा पर्ने देखिएमा शिक्षा अधिकृतले त्यस्तो थप पाठ्यसामग्री वा पाठ्यपुस्तक प्रयोग गर्न स्वीकृती दिन सक्नेछ ।

ग) विद्यालयले अध्यापन गराउने ऐच्छिक विषयको स्वीकृती शिक्षा शाखामार्फत् लिनु पर्नेछ ।

५) पाठ्क्रम, पाठ्यपुस्तक तथा अन्य सहयोगी सामाग्री सम्बन्धि  विषयमा शिक्षा शाखाको भूमिका देहाय बमोजिम हुनेछ :

क) विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्क्रम वा पाठ्यपुस्तक तथा अन्य सहयोगी सामाग्री लागू गरे वा नगरेको सम्वन्धमा निरीक्षण तथा अनुगमन गर्ने काम शिक्षा शाखाको हुनेछ ।

ख) शिक्षा शाखाले स्वीकृत पाठ्क्रम तथा पाठ्यपुस्तक शैक्षिक सत्र प्रारम्भ हुनुभन्दा एक महिना अघि सम्बन्धित क्षेत्रमा उपलब्ध भए नभएको जाँचबुझ गरी गराई त्यसको सूचना मन्त्रालय र गाउँपालिकामा दिनुपर्नेछ ।

६) स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू नगरेमा  वा स्थान वा पसल तोकी पाठ्यपुस्तक वा पाठ्यसामाग्री खरिद गर्न लगाएमा निम्न वमोजिम सजाय गर्न सकिने छ :

क) विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू नगरेमा  शिक्षा अधिकृतले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्न आदेश दिन सक्नेछ ।

ख) खण्ड (क) बमोजिम दिएको आदेश अनुसार विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक विद्यालयमा प्रयोग नगरेमा वा विद्यालयबाटै पाठ्यपुस्तक वा पाठ्यसामग्री खरिद गर्न विद्यार्थीलाई बाध्य गराएमा शिक्षा अधिकृतको सिफारिसमा शिक्षा समितिले त्यस्ता विद्यालयका प्रधानाध्यापक वा प्रिन्सिपललाई प्रचलित कानून बमोजिम कार्वाही गर्नेछ ।

बेचन प्रसाद मेहता
अध्यक्ष

७) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्डअनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनुपर्ने छ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

८) आफ्नो विँद्यालयका विद्यार्थीलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र माग गर्नुपर्ने छ ।

९) शैक्षिक सत्र शुरु हुनु अगावै स्थानिय शिक्षा अधिकारीले सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तक वितरण गर्नेछ

१०) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ ।

११) विद्यालयमा बहु पाठ्यपुस्तक निति लागु हुनेछ ।

१२) शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामग्री, थप स्वाध्यायन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रबन्ध हुनु पर्नेछ ।

३९. **अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालनः**

१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्नसक्ने छ ।

२) विद्यालयले स्काउट, रेडक्रस, बालक्लव, ईकोक्लब तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद् प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्नसक्ने छ ।

३) सह तथा शैक्षिक क्रियाकलापसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

४०. **प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना :**

१) कुनै संस्था वा निजी गुठीले प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहेमा अनुमतिको लागि सम्बन्धित वडा कार्यालयमा तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदन उपर आवश्यक जाँचबुझ गर्दा निवेदकलाई प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न यस ऐनमा तोकेको मापदण्ड तथा प्रक्रिया वमोजिम अनुमतिका लागि सिफारिस दिन मनासिब देखिएमा आवश्यक शर्त तोकी तोकिए बमोजिमको ढाँचामा सिफारिस दिन वडा सचिवले वडा समिति समक्ष पेश गर्नेछ ।

३) उपदफा (२) वमोजिम पेश हुन आएमा वडा समितिको निर्णय बमोजिम वडा सचिवले अनुमतिका लागि शिक्षा शाखामा सिफारिस दिनेछ ।

बिचन प्रसाद मेहता
अध्यक्ष

४) उपदफा (१) र (३) बमोजिमका कागजात सहित प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन अनुमतिका लागि तोकिए वमोजिमको ढाँचामा शिक्षा शाखामा निवेदन दिनु पर्नेछ ।

५) उपदफा (४) बमोजिम निवेदन पर्न आएमा गाउँ शिक्षा समितिले आवश्यक जाँचबुझ गर्न शिक्षा शाखालाई निर्देशन दिनेछ, जाँचबुझ गर्दा निवेदकलाई प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालनका लागि अनुमति दिन मनासिव देखिएमा गाउँ शिक्षा समितिको निर्णय बमोजिमका नयाँ स्थापना हुने प्रारम्भिक बाल शिक्षा केन्द्र अनुमोदनका लागि कार्यपालिकामा सिफारिस गर्नेछ ।

६) उपदफा (५) बमोजिम अनुमोदित प्रारम्भिक बाल शिक्षा केन्द्रलाई तोकिएको ढाँचामा शिक्षा अधिकृतले अनुमति प्रदान गर्नेछ ।

७) कुनै संस्था वा निजी गुठीले तोकिएको शर्त अनुरूप प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गाउँमा वडा समितिले त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत रद्द गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्न सक्नेछ ।

८) गाउँ शिक्षा समितिको निर्णय वमोजिम स्थानिय शिक्षा अधिकारीले जुनसुकै वखत प्रारम्भिक वाल शिक्षा केन्द्रको अनुमति रद्ध गर्न वा अर्को स्थानमा समायोजन गर्न सक्नेछ ।

४१. प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहिने पूर्वाधार :

१) प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्नको लागि देहायका पूर्वाधार पूरा गरेको हुनु पर्नेछ :

क) फराकिलो, खुला र सुरक्षित भवन भएको,

ख) गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम जग्गाको क्षेत्रफल र भवन भएको

ग) बाल उद्यानको व्यवस्था भएको,

घ) सफा र स्वच्छ खानेपानीको व्यवस्था भएको,

ङ) शौचालयको राम्रो प्रबन्ध भएको,

च) बाल बालिकाको हेरचाह गर्ने आयाको व्यवस्था भएको ।

४२. स्वीकृत पाठ्यक्रम प्रयोग गर्नु पर्नेः

१) प्रारम्भिक बाल शिक्षा केन्द्रले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम प्रयोग गर्नु पर्नेछ ।

२) नेपाल सरकारले सामुदायिक रूपमा स्थापित प्रारम्भिक बाल शिक्षा केन्द्रलाई गाउँपालिकाको सिफारिसका आधारमा अनुदान दिन सक्नेछ ।

बेचन प्रसाद मेहता
अध्यक्ष

परिच्छेदः ६

परीक्षा सञ्चालन तथा गुणस्तर मापन

४३. आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन :

१) आधारभूत तहको अन्तिम तथा बाह्य परीक्षालाई गाउँपालिकाको क्षेत्रभर मर्यादित र व्यवस्थित तरीकाले एकरुपताका साथ सञ्चालन गर्न तपसिलको आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहने छ :

क) गाउँपालिको प्रमुख प्रशासकीय अधिकृत — अध्यक्ष

ख) सामुदायिक विद्यालयका आधारभूत तह (६–८) मध्येबाट एकजना प्रधानाध्यापक तथा शिक्षकमध्येबाट महिलासहित समितिवाट मनोनित दुई जना — सदस्य

ग) संस्थागत विद्यालयका प्रधानाध्यापक वा संस्थापकमध्येबाट समितिवाट मनोनित १ जना — सदस्य

घ) गाउँशिक्षा शाखा प्रमुख — सदस्य– सचिव

२) परीक्षा समितिले सम्वन्धित विषयका विशेषज्ञ र स्रोतव्यक्तिहरुलाई परीक्षा समितिको वैठकमा आमन्त्रण गर्नसक्ने छ ।

३) मनोनित सदस्यहरुले पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा हटाउन सकिनेछ तर हटाउनु अघि निजलाई सफाइको मौकाबाट वञ्चित गरिने छैन ।

४) समितिको बैठक भत्ता गाउँ कार्यपालिकाको प्रचलित कानुनबमोजिम हुनेछ ।

५) मनोनित सदस्यहरुको कार्यकाल तीन वर्षको हुनेछ ।

६) परीक्षा सम्वन्धि अन्य व्यवस्था तोकिएवमोजिम हुनेछ ।

४४. संस्थागत विद्यालयले परीक्षा शुल्क बापतको रकम जम्मा गर्नु पर्ने :

१) दफा ४३ वमोजिम परीक्षा गर्दा आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समितिले तोके वमोजिमको शुल्क सम्वन्धित संस्थागत विद्यालयले गाउँ शिक्षा कोषमा जम्मा गर्नु पर्नेछ ।

२) संस्थागत विद्यालयले तोकिएको रजिष्ट्रेशन, परीक्षा तथा प्रमाणपत्र वापतको विद्यार्थीहरूबाट लिएको शुल्क परिक्षा सञ्चालन गर्ने निकायको खातामा जम्मा गरी त्यसको जानकारी समेत दिनु पर्नेछ ।

४५. कार्यविधि बनाई लागु गर्ने :

१) अनौपचारिक शिक्षा, दूर शिक्षा, समावेशी शिक्षा, निरन्तर शिक्षा, खुला शिक्षा तथा बैकल्पिक शैक्षिक कार्यक्रमको सञ्चालनका लागि कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागू गर्नेछ ।

४६. शैक्षिक गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था :

१) सभाले वार्षिक रूपमा शिक्षाको गुणस्तर मापन गरी सुधारको लागि कार्यपालिकालाई निर्देशन दिन सक्नेछ । गुणस्तर मापन गर्न मन्त्रालयले बनाएको गुणस्तरको खाका र पाठ्यक्रम विकास केन्द्रले बनाएको पाठ्यक्रम प्रारूपलाई मूल आधार मान्नुपर्ने छ ।

बेचन प्रसाद मेहत
अध्यक्ष

२) सभाले आफूमध्येबाट एकजना सदस्यको संयोजकत्वमा गाउँ शिक्षा समितिका पदाधिकारी सहितको समिति निर्माण गरी उक्त समितिलाई शिक्षाको गुणस्तर मापन गर्न लगाई सोको प्रतिवेदन बार्षिक रूपमा सभा समक्ष पेश गर्न तोक्न सक्नेछ ।

३) उपदफा (२) बमोजिम तोकिएको समितिले शिक्षा अधिकृतसँग समन्वय गरी गुणस्तर मापन र प्रतिवेदन तयार गर्नेछ ।

४) गुणस्तर मापन र प्रतिवेदन तयारीको विधि र ढाँचा समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ । (५) गुणस्तर मापन र प्रतिवेदन शैक्षिक सत्र शुरु हुनुभन्दा दुई महिना अगावै पेश भई सक्नु पर्नेछ ।

परिच्छेदः ७

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमनसम्बन्धी व्यवस्था

**४७. संस्थागत विद्यालय सञ्चालनः**

१) संस्थागत विद्यालय सञ्चालन गर्न तोकिएको प्रक्रिया पुरा गरी गाउँपालिकाबाट तोकिए बमोजिमको ढाँचामा अनुमति लिनुपर्ने छ

**४८. संस्थागत विद्यालयको व्यवस्थापन समिति :**

१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ः

क) विद्यालयको संस्थापकमध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाउँशिक्षा समितिबाट मनोनित( अध्यक्ष

ख) अभिभावकमध्येबाट कम्तीमा एकजना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना( सदस्य

ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीमध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेको एकजना – सदस्य

घ) गाउँशिक्षा शाखा प्रमुख – सदस्य

ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूमध्येबाट छानी पठाएको एकजना – सदस्यस

च) विद्यालयका प्रधानाध्यापक – सदस्य– सचिव

२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पदअनुसारको आचरण नगरेको देखिएमा गाउँशिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नुअघि आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन

**४९. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः**

क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

ख) विद्यालयका लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

बेचन प्रसाद मेहता
अध्यक्ष

ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राखे,

ङ) स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने,

च) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुनबमोजिम शिक्षक पदका लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

छ) शिक्षक तथा कर्मचारीको नियुक्ति छनौट समितिमार्फत गरी न्यूनतम तलब, सेवा र सुविधा तोक्ने,

ज) अनुशासनहीन शिक्षकउपर कारबाही गर्ने,

झ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लिखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नीति, नियम तथा निर्देशनहरूको पालना गर्ने

ञ) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिएबमोजिम गर्ने,

ट) लेखा परीक्षण गराई अनिवार्य रुपमा वार्षिक प्रतिवेदन वडा शिक्षा समिति र गाउँशिक्षा समितिमा पेस गर्ने,

ठ) शिक्षक कर्मचारी तथा विद्यार्थीको आचारसंहिता बनाई लागु गर्ने ।

ड) भर्ना शुल्क र अन्य शुल्क कम्तिमा ६५ प्रतिशत अभिभावकहरुको भेलावाट निर्णय गराई स्वीकृति गर्नुपर्नेछ ।

ढ) संस्थागत विद्यालयले वार्षिक प्रगती प्रतिवेदन प्रत्येक शैक्षिक शत्रको अन्त्यमा गाउशिक्षा शाखा समक्ष पेश गर्नुपर्नेछ ।

**५०. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने**

१) संस्थागत विद्यालयले देहाय बमोजिमका गरीव, अपाङ्ग, महिला, दलित, जनजाति तथा विपन्न एवं सीमान्तकृत वर्गका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । यसरी छात्रवृत्ति उपलब्ध गराउँदा कुल विद्यार्थी सङ्ख्याको कम्तीमा १० प्रतिशत उपलब्ध गराउनु पर्नेछ । त्यसमा ५० प्रतिशत बालिका अनिवार्य रूपमा समावेश गर्नुपर्नेछ ।

क) विद्यार्थीको परिवारको कुनै पनि सदस्यको नोकरी, व्यापार, व्यवसाय वा आयआर्जनको व्यवस्था नभई जीवन निर्वाह गर्न आवश्यक पर्ने न्यूनतम आम्दानी नभई अनिवार्य शिक्षाको लागि आवश्यक पर्ने पाठ्यपुस्तक तथा कपि कलम जस्ता स्टेशनरी उपलब्ध गराउन सक्ने अवस्थामा नरहेको,

ख) भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम जग्गावालाको हैसियतले राख्न पाउने अधिकतम हदवन्दीको तराई तथा उपत्यका, पहाडी र हिमाली क्षेत्रमा क्रमशः पाँच, दश र पन्ध्र प्रतिशत भन्दा कम खेती योग्य जग्गा रहेको, वा

बेचन प्रसाद मेहता
अध्यक्ष

ग) राष्ट्रिय योजना आयोगबाट परिभाषित भए बमोजिम निरपेक्ष गरिबीको रेखामा पर्ने र सो भन्दा कम आम्दानी भएको, ९घ) अपाङ्गता भएका बालबालिका ।

२) उपदफा (१) बमोजिम छात्रवृत्ति उपलव्ध गराउनु अघि विद्यालयले त्यस्तो छात्रवृत्तिको लागि निवेदन दिन विद्यालयमा सूचना प्रकाशन गरी सोको जानकारी शिक्षा शाखामा गराउनु पर्नेछ ।

३) उपदफा (१) बमोजिम छात्रवृत्ति शैक्षिक सत्र सूरु भएको दुई महिना भित्र उपलब्ध गराई सक्नुपर्नेछ

४)नामावली सार्वजनिक गर्नुपर्ने :

क) छात्रवृति उपलब्ध गराईएका बिद्यार्थीहरूको नाम, थर, कक्षा तथा तिनको बावु आमाको नाम, थर वतन सहितको विवरण विद्यालयको सूचना पाटीमा टाँस गरी वेभसाईट भए त्यसमा समेत राखी सार्वजनिक गर्नुपर्नेछ र त्यस्तो विवरण शिक्षा शाखामा पठाउनु पर्नेछ ।

ख) उपदफा (क) बमोजिमको विवरण हेर्न चाहने व्यक्तिलाई विद्यालयले त्यस्तो विवरण निःशुल्क हेर्न दिनु पर्नेछ ।

५) संस्थागत विद्यालयले प्रत्येक वर्ष प्रदान गरेको छात्रवृत्तिको कोटा गाउँशिक्षा शाखामा पेस गर्नुपर्ने छ ।

**५१. अनुगमन तथा मूल्याङ्कन :**

१) संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँशिक्षा समितिले स्थानिय शिक्षा अधिकारी मार्फत जुनसुकै समयमा अनुगमन गर्न र निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

**५२. अनुमति वा स्वीकृति रद्द गर्ने :**

कुनै संस्थागत विद्यालयले यस ऐनअन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्ने छ तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेद– ८

## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन, अनुगमन र नियमन

**५३. विद्यालय विकास कोष :**

१) प्रत्येक विद्यालयमा एउटा विद्यालय विकास कोष हुनेछ, जसमा देहायबमोजिमका स्रोतबाट प्राप्त रकम सोही कोषमा दाखिला हुनेछ :

क) नेपाल सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारबाट प्राप्त अनुदान,

ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

बेचन प्रसाद मेहता
अध्यक्ष

ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

घ) अन्य स्रोतबाट प्राप्त रकम ।

२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र सामाजिक लेखा परीक्षण तोकिएबमोजिम हुनेछ ।

५४. अनुदानको व्यवस्था :

१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा, शिक्षा समिति र शिक्षा शाखाको निर्देशन वारम्वार उल्लंघन गरेमा त्यस्ता विद्यालयलाई दिँदै आएको अनुदान रकम कटौती गर्न सकिनेछ ।

२) सामुदायिक विद्यालयहरुलाई तोकिएबमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ ।

३) धार्मिक विद्यालयको अनुदान विद्यालयको प्रस्तावना, प्रगतिप्रतिवेदन र शिक्षा हेर्ने अधिकारीको निरीक्षण प्रतिवेदन वमोजिम प्रदान गरीनेछ ।

४) एकमुष्ठ अनुदान सम्वन्धि रकम शिक्षा हेर्ने अधिकारीको अनुगमन रिपोर्ट र विद्यालयको प्रगति प्रतिवेदन सहितको प्रशतावना का आधारमा चौमासिक रुपमा वा वर्षको अन्तमा दिन सकिनेछ । तर अनुगमन रिपोर्टका आधारमा एकमुष्ठ अनुदान दिन शिक्षा अधिकृतले सिफारीस गर्न सक्नेछ ।

५) सामुदायिक सिकाइ केन्द्रले प्राप्त गर्ने अनुदान केन्द्रको प्रस्तावना, प्रगतिप्रतिवेदन र शिक्षा हेर्ने अधिकारीको निरीक्षण प्रतिवेदन वमोजिम प्रदान गरीनेछ ।

६) गाउशिक्षा समितिले निर्णय गरेवमोजिम सामुदायिक विद्यालयहरुलाई शिक्षा क्षेत्रको विकाशका लागि स्थानिय स्रोतवाट समेत अन्य अनुदान प्रदान गर्न सकिनेछ ।

७) स्थानिय श्रोतवाट करारमा शिक्षक स्वयंसेवक नियुक्ति गरी दरवन्दि अत्यन्त कम भएका विद्यालयलाइ शिक्षक स्वयंसेवक प्रदान गर्दा आवश्यक अनुदान गाउँपालिकाले प्रदान गर्ने छ । तर त्यस्तो अनुदान एक वर्ष भन्दा वढि प्रदान गरीने छैन । स्थानिय करार शिक्षक स्वयंसेवकको जिवन निर्वाह भत्ता तोकिएवमोजिम हुनेछ ।

८) अन्य अनुदान सम्वन्धि व्यवस्था तोकिएवमोजिम हुनेछ ।

५५. लेखा व्यवस्थापन :

१) सबै विद्यालयहरुले प्रचलित कानूनअनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

२) विद्यालयको नियमित कारोबारको लेखा राख्न माध्यमिक विद्यालयका लागि प्रधानाध्यापक र कर्मचारी तथा आधारभूत तह (१-८) का लागि प्रधानाध्यापक र लेखा शिक्षक, (१-५) का लागि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षवाट खाता सञ्चालन गरी लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

बेचन प्रसाद मेहता
अध्यक्ष

५६. लेखा परीक्षण तथा सामाजिक परीक्षण :

१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिकभित्र तोकिएकोको रजिष्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

२) प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय, शैक्षिक उपलब्धी, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षणमार्फत सार्वजनिक तथा अनुमोदन गर्नुपर्ने छ ।

३) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजासहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावकसमक्ष पेस गरी पृष्ठपोषण लिनुपर्ने छ ।

५७. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने

गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्नसक्ने छ ।

५८. शुल्क सम्बन्धी व्यवस्था :

१) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले विद्यालयको विकासका लागि आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाबाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही तहको अर्को कक्षामा कुनै किसिमको शुल्क लिन पाइने छैन ।

६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन

७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क स्थानिय शिक्षा अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नुपर्ने छ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनुपर्ने छ ।

९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले जरिवाना गर्नसक्ने छ ।

बेचन प्रसाद मेहता
अध्यक्ष

५९. विद्यालयलाई छुट र सुविधा :

१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीका रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेसन दस्तुर लाग्ने छैन ।

२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा स्थानीय सरकारले तोकिएको आधारमा रजिष्ट्रेसन दस्तुर छुट दिनसक्ने छ ।

३) सामुदायिक विद्यालय र शैक्षिक गुठीका रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ ।

परिच्छेदः ९

प्राविधिक तथा व्यवसायिक शिक्षा

६०.प्राविधिक तथा व्यवसायिक शिक्षासम्बन्धी व्यवस्थाः

१) गाउँपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिनेछ । यस्ता विद्यालयको सञ्चालनका लागि गाउँपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ । गाउँपालिकाले प्राविधिक विषयको कक्षा सञ्चालनका लागि अनुमति दिंदा वडामा तोकिएको मापदण्ड बमोजिम नदोरिने गरी विषय सिफारिस गर्नेछ । सामुदायिक विद्यालयमा प्राविधिक कक्षाका लागि चाहिने शिक्षक कर्मचारी व्यवस्थापन गर्ने प्रयास गरिनेछ ।

२) यस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

परिच्छेद १०

विद्यालयको विनियम सम्वन्धि

६१ .स्रोत व्यक्ति सम्बन्धी व्यवस्था :

१)स्रोत व्यक्ति गाउँ शिक्षा समिति रहने छन र निजहरुको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

६२.विद्यालयको विनियम सम्बन्धी व्यवस्था :

१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रियालगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विनियम अभिभावक सभाबाट पारित गराई लागू गर्नुपर्ने छ ।

बैचन प्रसाद मेहता
अध्यक्ष

बैद्यनाथ गाउँ कार्यपालिकाको कार्यालय
बैद्यनाथगञ्ज, सुनसरी
१ नं. प्रदेश, नेपाल

२) अभिभावक सभाले विनियम आवश्यकताअनुसार संसोधन गर्नसक्ने छ ।

३) विनियमअनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापकलगायत अन्य सबैको कर्तव्य हुनेछ ।

४) अद्यावधिक विनियमको प्रतिलिपि पारित भएको मितिबाट सात दिन भित्र व्यवस्थापन समितिले गाउँपालिकामा पेस गर्नुपर्ने छ ।

५) विद्यालयको विनियम सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनुपर्ने छ ।

## ६३. गाउँपालिकाले निर्देशन दिन सक्ने

१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई शिक्षा शाखा प्रमुख मार्फत दिनसक्ने छ

२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

## ६४. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने

१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनैपनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्ने छ ।

२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने सर्त तथा मापदण्ड तोकिएबमोजिम हुनेछ ।

## ६५.बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने

१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन ।

२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक, मानसिक यातना दिन वा दुव्र्यवहार गर्न पाइने छैन ।

## ६६.शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन

१) कसैले पनि यस ऐनबमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम वा वैदेशिक शैक्षिक मेला, प्रदर्शनी सञ्चालन गर्न पाउने छैन ।

२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिनेसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

बेचन प्रसाद मेहता
अध्यक्ष

देवानगञ्ज गाउँ कार्यपालिकाको कार्यालय देवानगञ्ज, सुनसरी १ नं. प्रदेश, नेपाल

परिच्छेद– ११

बिदा तथा काज सम्बन्धी व्यवस्था

**६७. शिक्षक तथा कर्मचारीले पाउने बिदा :**

१) शिक्षक तथा कर्मचारीले देहाय बमोजिमका बिदाहरू पाउनेछः

क) भैपरी आउने विदा वर्षभरीमा छ दिन,

ख) पर्व बिदा वर्षभरीमा छ दिन,

ग) बिरामी बिदा वर्षभरीमा बाह्र दिन,

घ) प्रसुती बिदा प्रसुतीको अघि वा पछि गरी नब्बे दिन,

ङ) प्रसुती स्याहार बिदा पन्ध्र दिन,

च) किरिया बिदा पन्ध्र दिन,

छ) असाधारण बिदा एक पटकमा एक वर्षमा नबढाई नोकरी अवधिभर जम्मा तीन वर्ष,

ज) अध्ययन बिदा शिक्षकको सेवाको सम्पूर्ण अवधिमा एकैपटक वा पटक पटक गरी बढीमा तीन वर्ष,

झ) बेतलवी बिदा बढीमा दुई वर्ष,

२) भैपरी आउने बिदा र पर्व बिदा आधा दिन पनि लिन सकिनेछ । यस्तो बिदा सञ्चित हुने छैन ।

३) शिक्षक तथा कर्मचारीले बिरामी बिदा सञ्चित गर्न सक्नेछ । शिक्षक तथा कर्मचारीले प्रत्येक वर्ष त्यस्तो बिदा निरीक्षकबाट प्रमाणित गराई राख्नु पर्नेछ । कुनै व्यहोराले शिक्षक तथा कर्मचारी सेवाबाट अवकाश भएमा निजको सञ्चित बिरामी बिदा बापत निजको पदाधिकार रहेको पदमा खाइपाई आएको तलब स्केलको दरले हुन आउने रकम एकमुष्ट पाउनेछ ।

४) कुनै ठूलो वा कडा रोग लागि उपचार गर्न बिरामी बिदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरी शिक्षक तथा कर्मचारीले पछि पाउने बिरामी बिदाबाट कट्टा हुने गरी बाह्र दिनसम्म थप बिरामी बिदा पेश्कीको रूपमा लिन सक्नेछ । यसरी पेश्की बिदा लिएको शिक्षक वा कर्मचारीको मृत्यु हुन गएमा त्यस्तो पेश्की लिएको बिदा स्वतः मिनाहा हुनेछ ।

५) सञ्चित बिरामी बिदाको रकम लिन नपाउँदै शिक्षक वा कर्मचारीको मृत्यु भएमा त्यस्तो सञ्चित बिरामी बिदाको रकम निजले इच्छाएको वा नजिकको हकवालाले एकमुष्ट पाउनेछ ।

६) यस ऐन बमोजिम किरिया बिदा लिने शिक्षक वा कर्मचारीले विद्यालयमा हाजिर भएको पन्ध्र दिनभित्र मृत व्यक्तिको मृत्यु दर्ताको प्रमाणपत्र तथा मृत व्यक्तिसँगको नाता देखिने प्रमाण पेश गर्नु पर्नेछ

७) बिरामी परेको अवस्थामा बाहेक घटीमा पाँच वर्ष स्थायी सेवा अवधि नपुगेको शिक्षक वा कर्मचारीले असाधारण बिदा पाउने छैन ।

बेचन प्रसाद मेहता
अध्यक्ष

८) स्थायी सेवा पाँच वर्ष पुगेको शिक्षकलाई निजले अध्यापन गर्ने विषयमा एकतह माथिको उच्च अध्ययनका लागि अध्ययन बिदा दिन सकिनेछ ।

९) उच्च अध्ययनका लागि बिदा स्वीकृत गर्दा शिक्षा समितिले एक आर्थिक वर्षमा आधारभूत तहको पहिलो र दोस्रो तहका लागि एक एक जना र माध्यमिक तहका लागि एक जनाको अध्ययन बिदा स्वीकृत गर्न सक्नेछ ।

१०) अध्ययन बिदा दिँदा देहायको प्रक्रिया अवलम्बन गरिनेछः–

क) अध्ययन बिदा स्वीकृतिका लागि गाउँपालिकामा सार्वजनिक रूपमा सूचना गरी इच्छुक शिक्षकको निवेदन आह्वान गर्ने,

ख) निवेदन दिने शिक्षकले आफ्नो प्रतिबद्धतापत्र, अध्ययनपछिको आफ्नो शिक्षण सिकाइको योजना र व्यवस्थापन समितिको सिफारिस पेश गर्नु पर्नेछ । त्यसरी पेश भएका प्रस्तावका आधारमा मनोनयनका लागि नाम छनौट गरी सूचना प्रकाशन गर्ने,

ग) खण्ड (ख) बमोजिम मनोनयनका लागि छनौट भएका शिक्षकको नामावली उपर उजूरी गर्ने मौका दिइनेछ । उजूरीको छानवीन गरी अन्तिम नामावली प्रकाशन गर्ने,

घ) अन्तिम नाम छनौटमा परेका शिक्षकलाई कबुलियत गराई अध्ययनको अवधिका लागि अध्ययन बिदा स्वीकृत गरिनेछ । यसरी अध्ययन बिदा स्वीकृत भएका शिक्षकले प्रत्येक सेमेष्टर वा वार्षिक परीक्षाको नतिजा सहितको प्रतिवेदन शिक्षा शाखामा पेश गर्नु पर्ने,

ङ) अध्ययन बिदा पाएका शिक्षकले आफूले कबुलियत गरे अनुसारको प्रतिवेदन शिक्षा शाखामा बुझाउनु पर्नेछ । अध्ययनमा सन्तोषजनक प्रगति नगर्ने शिक्षकको बिदा स्वीकृत भएको अवधि समाप्त नहुँदै रद्द गर्न सकिनेछ ।

च) बिदा रद्द भएमा त्यस्ता शिक्षकबाट अध्ययन अवधिभर पाएको तलब असुल गरिने छ ।

११) यस दफा बमोजिमको असाधारण बिदा, अध्ययन बिदा र वेतलवी बिदा बाहेकका अन्य बिदाहरू अस्थायी शिक्षक र राहत शिक्षकले समेत पाउनेछन् ।

१२) अस्थायी शिक्षक वा कर्मचारीले वर्षे वा हिउँदे बिदा उपभोग गर्न नपाउँदै अवकाश पाएमा दश महिनालाई वार्षिक काम गरेको अवधि मानी दामासाहीले काम गरेको अवधिको बिदा रकम पाउनेछ ।

१३) बिदा अधिकारको कुरा नभएर सहुलियत मात्र हुनेछ ।

**६८. बिदा दिने अधिकारी :**

१) सात दिनसम्मको बिदा प्रधानाध्यापकले र प्रधानाध्यापकको बिदा व्यवस्थापन समितिको अध्यक्षले स्वीकृत गर्नेछ ।

बेचन प्रसाद मेहता
अध्यक्ष

२) सात दिनसम्मको शिक्षक र कर्मचारीको बिदा प्रधानाध्यापकले स्वीकृत गर्नेछ । सो भन्दा बढी अवधिको बिदा प्रधानाध्यापकको सिफारिसमा व्यवस्थापन समितिले स्वीकृत गरी सो को अनुमोदन शिक्षा अधिकृतबाट गराउनु पर्नेछ । तर, एक पटकमा तीन दिनमा नबढाई पर्व वा भैपरी आउने बिदा प्रधानाध्यापक आँफैले लिन सक्नेछ । सो भन्दा बढी पर्व वा भैपरी आउने बिदा लिनु परेमा प्रधानाध्यापकले व्यवस्थापन समितिको अध्यक्षलाई जानकारी दिनु पर्नेछ ।

३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि शिक्षक वा कर्मचारीको असाधारण बिदा, बेतलवी बिदा र अध्ययन बिदा व्यवस्थापन समितिको सिफारिसमा शिक्षा समितिको निर्णयानुसार शिक्षा अधिकृतले स्वीकृत गर्नेछ ।

**६९. काज तथा दैनिक भ्रमण भत्ताः**

१) विद्यालय वा अध्यापन सम्बन्धी कामको लागि शिक्षा शाखाको आदेशानुसार कुनै सभा सम्मेलन वा सेमिनारमा खटिने शिक्षक वा कर्मचारीले सोही आदेशमा तोकिएको अवधिसम्मको लागि काज पाउने छ ।

२) विद्यालयको कामको लागि शिक्षक वा कर्मचारीले प्रधानाध्यापकको र प्रधानाध्यापकले व्यवस्थापन समितिको अध्यक्षको लिखित अनुमति लिई बढीमा एक हप्तासम्म काजमा जान सक्नेछ ।

३) सरुवा भएको शिक्षक वा कर्मचारीलाई सरुवा भएको विद्यालयमा हाजिर हुन जाँदा तोकिएको दरमा दैनिक तथा भ्रमण भत्ता बापतको रकम रमाना दिने विद्यालयले दिनु पर्नेछ । तर स्वेच्छाले सरुवा भई जाने शिक्षक वा कर्मचारीले यस उपदफा बमोजिम दैनिक तथा भ्रमण भत्ता बापतको रकम पाउने छैन ।

## परिच्छेद– १२

**विद्यालयको चिन्ह, नामाकरण तथा अन्य व्यवस्था**

७०. विद्यालयको चिन्ह : विद्यालयको चिह्न षट्कोणको हुनेछ । विद्यालय व्यवस्थापन समितिले निर्णय गरी सो षट्कोणको बीचमा आफ्नो विद्यालयको छुट्टै चिन्ह राख्न सक्नेछ ।

७१. विद्यालयको नामाकरण :

१) समाज तथा राष्ट्रकै लागि उल्लेखनीय योगदान गर्ने राष्ट्रिय व्यक्तित्व, सनातन धर्म संस्कृति वा देवी देवता, तिर्थस्थल वा प्राकृतिक सम्पदा आदिको नामबाट नेपाली मौलिकपन झल्किने गरी विद्यालयको नामाकरण गर्नु पर्नेछ । तर यो ऐन प्रारम्भ हुनुभन्दा अगावै नामाकरण भै सकेका यस ऐनको भावना विपरित नामाकरण भएका विद्यालयहरुको हकमा यो ऐन जारी भएपछिको दोश्रो शैक्षिक शत्रको सुरु देखिनै लागू हुने गरी पुनः नामाकरणको लागि गनउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

बेकुन प्रसाद मेहता
अध्यक्ष

२) कुनै संस्थागत विद्यालयले आफ्नो नाममा "पब्लिक÷÷ शव्द जोड्न चाहेमा कम्तिमा एक तिहाई विद्यार्थी पूर्ण छात्रबृृत्तिमा अध्ययनरत रहेको हुनुपर्नेछ ।

कुनै संस्थागत विद्यालयले आफ्नो नाममा "नेशनल" शव्द जोड्न चाहेमा नेपालको कम्तीमा २५ जिल्लाका बिद्यार्थी अध्ययनरत रहेको हुनुपर्नेछ र कुनै संस्थागत विद्यालयले आफ्नो नाममा "इन्टरनेशनल" शब्द जोड्न चाहेमा कम्तिमा एक तिहाई सङ्ख्यामा विदेशी विद्यार्थी हुनुपर्नेछ । विद्यालयको नामको अन्तमा "विद्यालय", "स्कूल" वा "पाठशाला" शब्द जोडिएको हुनुपर्नेछ । तर यो ऐन लागू हुनु अगावै यस दफा विपरितका शव्दहरू जोडिई नामाकरण भै सकेका विद्यालयको हकमा यो ऐन जारी भएपछिको दोश्रो शैक्षिक शत्रको सुरु देखिनै लागू हुने गरी उपर्युक्त व्यवस्था पालना गर्न वा पुनर्नामाकरण गर्नु पर्नेछ ।

३) प्राविधिक शिक्षा सञ्चालन गर्न अनुमति पाएको सामुदायिक विद्यालयले आफ्नो विद्यालयको नामको पछाडि कोष्टकमा प्राविधिक शिक्षा सञ्चालन गर्न अनुमति प्राप्त विद्यालय भनी थप गर्न सक्नेछ ।

४) नयाँ खोलिने विद्यालयको नामाकरण आफ्नो नामबाट गर्न चाहने व्यक्तिले देहाय बमोजिमको रकममा नघट्ने गरी गाउँपालिकाले तोकेको रकम बराबरको नगद, घर वा जग्गा विद्यालयको नामाकरण गर्ने प्रयोजनको लागि भनी एकमुष्ट विद्यालयलाई सहयोग गरेमा सो विद्यालयको नामाकरण त्यस्तो सहयोग गर्ने व्यक्तिको नामबाट सञ्चालन गर्न सकिनेछः

क) माध्यमिक विद्यालयको लागि एक करोड रूपैयाँ वा सो बराबरको घर वा जग्गा,

ख) आधारभूत विद्यालयका लागि सत्तरी लाख रूपैयाँ वा सो बराबरको घर वा जग्गा,

५) पहिल्यै नामाकरण भईसकेको विद्यालयको नामसँग जोडेर नामाकरण गर्न चाहने व्यक्तिले उपदफा (४) को खण्ड (क) वा (ख) बमोजिमको रकमको पचास प्रतिशत वा सो बराबरको घर वा जग्गा विद्यालयलाई सहयोग गरी पहिलेको नाम पछाडी आफूले प्रस्ताव गरेको नाम जोड्न सक्नेछ ।

६) एउटै परिवार वा छुट्टाछुट्टै परिवारका एकभन्दा बढी व्यक्तिले उपदफा ४) को खण्ड (क) वा (ख) बमोजिमको रकम वा घर वा जग्गा विद्यालयलाई प्रदान गरेमा त्यस्ता व्यक्तिहरूको निर्णयबाट बढीमा दुईजनासम्मको नामबाट विद्यालयको नामाकरण गर्न र अन्य व्यक्तिको नाम विद्यालयमा देखिने गरी राख्न सकिनेछ ।

७) उपदफा (४), (५) र (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुको नामबाट नामाकरण भएको विद्यालयलाई कसैले जतिसुकै रकम वा घर वा जग्गा सहयोग गरे पनि त्यस्तो विद्यालयको नाम परिवर्तन गरिने छैन । तर त्यस्तो विद्यालयलाई कुनै व्यक्तिले कक्षा कोठा थप गर्न, पुस्तकालय भवन वा छात्रावास निर्माण गर्न रकम सहयोग गरेमा त्यस्तो कोठा वा भवनमा सो रकम प्रदान गर्ने व्यक्तिको नामबाट नामाकरण गर्न सकिनेछ ।

भेषन प्रसाद मेहता
अध्यक्ष

८) यस ऐन बमोजिम विद्यालयको नामाकरण सम्वन्धित विद्यालय व्यवस्थापन समिति तथा शिक्षा समितिको सिफारिसमा सभाले गर्नेछ ।

७२. राष्ट्रिय गान गाउनु पर्ने : विद्यालय खुलेको प्रत्येक दिनको प्रारम्भमा र विभिन्न समारोहहरुमा राष्ट्रिय गान गाउनु पर्नेछ ।

७३ झण्डोत्तोलन गर्नु पर्नेः विद्यालयमा मनाइने प्रत्येक समारोहको प्रारम्भमा राष्ट्रिय झण्डोत्तोलन गर्नु पर्नेछ ।

७४. विद्यार्थीको पोशाकः विद्यालयले विद्यार्थीको लागि एकै किसिमको, कम खर्चिलो, साधारण, राष्ट्रियता झल्किने र हावापानी सुहाउँदो पोशाक तोक्न सक्नेछ तर पोशाक खरिद गर्ने स्थान वा पसल तोक्न पाउने छैन ।

## परिच्छेद– १३
## विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धी व्यवस्था

**७५. विद्यालयको नामको जग्गा बिक्री गर्न वा धितो राख्न नहुनेः**

१) विद्यालयको नाममा रहेको जग्गा बिक्री गर्न वा धितो राख्न पाइने छैन ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको नाममा रहेको जग्गा विक्रि वा धितो राख्ने सम्वन्धी व्यवस्था संङ्घीय तथा प्रादेशिक कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

**७६. विद्यालयको नामको जग्गा सट्टापट्टा गर्न नहुनेः**

१) विद्यालयको नाममा रहेको जग्गा सट्टापट्टा गर्न पाइने छैन ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको नाममा रहेको जग्गा सट्टापट्टा गर्ने सम्वन्धी व्यवस्था संङ्घीय तथा प्रादेशिक कानूनमा उल्लेख भए अनुसार हुनेछ ।

**७७. विद्यालयको नाममा सम्पत्ति राख्नु पर्ने :**

१) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित विद्यालयले विद्यालयको अचल सम्पत्ति विद्यालयको नाममा रजिष्ट्रेशन पारित गर्नु पर्नेछ ।

२) कम्पनीको रूपमा सञ्चालित संस्थागत विद्यालयले विद्यालयको अचल सम्पत्ति कम्पनीको स्वामित्वमा राख्नु पर्नेछ ।

**७८. निजी शैक्षिक गुठी अन्तर्गत गरिएको लगानी हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्थाः**

१) निजी शैक्षिक गुठी वा त्यस्ता गुठीका सञ्चालकले आफ्नो लगानीको पूरै वा आंशिक हिस्सा विद्यालय सञ्चालनमा बाधा नपर्ने गरी आफ्नो उत्तराधिकारीको रूपमा नियुक्त गरेको गुठियारलाई प्रचलित कानून बमोजिम हस्तान्तरण गर्न सक्नेछ ।

७९. बजेट तयार गर्ने :

बेचन प्रसाद मेहता
अध्यक्ष

प्रधानाध्यापकले प्रत्येक वर्षको चैत्र मसान्तभित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा पठाउनु पर्नेछ ।

८०. विद्यालयको आय व्ययको लेखा :

१) विद्यालयको आय व्ययको लेखा अनुसूची–१५ बमोजिमको खाताहरुको ढाँचामा राख्नु पर्नेछ ।

२) विद्यालयको आय व्ययको लेखा, बिल भरपाई लगायत आवश्यक कागजात राख्ने काम विद्यालयको लेखा सम्बन्धी काम गर्न ताकिएको शिक्षक वा कर्मचारीको हुनेछ ।

३) उपदफा (२) बमोजिम कागज प्रमाणित गराई राख्ने राख्न लगाउने जिम्मेवारी प्रधानाध्यापकको हुनेछ ।

४) उपदफा (१) बमोजिमको आय व्ययको लेखा राख्दा विद्यालयको काम कारबाहीको वास्तविक स्थिती थाहा हुने गरी मालसामानहरूको खरिद बिक्री र विद्यालयको नगदी, जिन्सी, जायजेथा दायित्व आदिको विस्तृत विवरण स्पष्ट रूपले खोलेको हुनु पर्नेछ ।

५) विद्यालयको नगदी, जिन्सी, जायजेथामा कुनै किसिमको हिनामिना, हानी– नोक्सानी वा लापरबाही हुन नपाउने गरी सुरक्षित राखे, सोको लगत राख्ने तथा राख्न लगाउने दायित्व प्रधानाध्यापकको हुनेछ ।

६) प्रधानाध्यापक र लेखा सम्बन्धी काम गर्न जिम्मेवारी तोकिएको शिक्षक वा कर्मचारीले विद्यालयको आय व्ययको प्रतिवेदन शिक्षा शाखाले तोकेको अवधिभित्र मासिक तथा चौमासिक रूपमा शिक्षा शाखामा पठाउनु पर्नेछ ।

**८१. विद्यालयको कामको सामाजिक परीक्षण गर्नेः**

१) सामुदायिक विद्यालयको काम कारवाही प्रचलित कानून बमोजिम भए नभएको सम्बन्धमा प्रत्येक वर्ष मूल्याङ्कन गर्न देहाय बमोजिमको एक सामाजिक परीक्षण समिति रहनेछ ।

क) शिक्षक अभिभावक सङ्घको अध्यक्ष – संयोजक

ख) विद्यालयमा अध्ययनरत बिद्यार्थीको अभिभावकमध्ये कम्तिमा एकजना महिला पर्ने गरी शिक्षक अभिभावक सङ्घले तोकेको दुईजना – सदस्य

ग) विद्यालय रहेको वडाको वडाध्याक्ष वा निजले मनोनयन गरेको वडा सदस्य एकजना – सदस्य

घ) शिक्षक अभिभावक सङ्घले तोकेको बुद्धिजिवी एकजना – सदस्य

ङ) विद्यालयको उच्चतम कक्षामा अध्ययनरत प्रथम छात्र वा छात्रा एकजना – सदस्य

च) प्रधानाध्यापकले तोकेको शिक्षक एकजना – सदस्य सचिव

८२. बरबुझारथ गर्ने :

१) विद्यालयको नगदी, जिन्सी मालसामानको लगत, स्रेस्ता राख्ने जिम्मा लिएको शिक्षक वा कर्मचारी सरुवा वा अन्य कारणबाट विद्यालय छोडी जाने भएमा निजको जिम्मामा रहेको नगदी तथा जिन्सी सामानको बरबुझारथ सामान्यतया २१ दिनभित्र विद्यालयमा गर्नु पर्नेछ ।

बैद्यन प्रसाद मेहता
अध्यक्ष

२) उपदफा (१) बमोजिम बरबुझारथ नगर्ने शिक्षक तथा कर्मचारीलाई बरबुझारथ नगरेसम्म सरुवा भएको विद्यालयमा जान रमानापत्र दिइने छैन । साथै निजले कुनै रकम वा मालसमान हिनामिना गरेको रहेछ भने सो बापतको रकम निजले पाउने जुनसुकै रकमबाट असूल उपर वा सोधभर्ना गरिनेछ ।

**८३. तलब, भत्ता र अन्य सुविधा :**

शिक्षक तथा कर्मचारीको तलब, भत्ता र अन्य सुविधा सङ्घीय कानून अनुसार हुनेछ ।

**८४. निवृत्तिभरण, उपदान, उपचार खर्च :**

शिक्षक तथा कर्मचारीको निवृत्तिभरण, उपदान, उपचार खर्च र अन्य व्यवस्था सङ्घीय कानून अनुसार हुनेछ ।

**८५. अवकास सम्बन्धी व्यवस्था :**

शिक्षक तथा कर्मचारीको अवकाश सम्बन्धी व्यवस्था सङ्घीय कानून अनुसार हुनेछ ।

**८६. दण्ड सजाय सम्बन्धी व्यवस्था ः**

शिक्षक तथा कर्मचारीको दण्ड, सजाय र विभागीय कारवाही सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ र यसरी नतोकिएसम्म प्रचलित सङ्घीय कानून बमोजिम हुनेछ ।

**८७. विद्यालय शुल्क सम्बन्धी व्यवस्था ः**

विद्यालय शुल्क सम्बन्धी व्यवस्था सङ्घीय कानूनले तोकेको मापदण्ड अनुसार हुनेछ तर सङ्घीय कानून नवनेसम्म शिक्षा विभागले तोकेको मापदण्ड अनुसार वर्गीकरणमा परेका विद्यालयले प्रस्ताव गरेको शुल्क अनुसार शिक्षा समितिले संस्थागत विद्यालयको शुल्क तोक्ने काम गर्नेछ ।

## परिच्छेद– १४

**विविध**

**८८. निर्वाचित पदाधिकारीहरूले पालना गर्नुपर्ने आचार संहिता :**

पालिकाका निर्वाचित पदाधिकारीहरूले शिक्षाको व्यवस्थापनका सम्बन्धमा देहायको आचारसंहिता पालना गर्नुपर्नेछ :

क) संस्थागत विद्यालय वा निजी वा अन्य कुनै प्रकारका शैक्षिक सङ्घ संस्था सञ्चालनमा संलग्न हुन नहुने तर प्राज्ञिक क्रियाकलापमा भाग लिन बाधा नपर्ने,

ख) धर्म, सम्प्रदाय, जनजाति, लिङ्ग, भाषा, वर्ग, क्षेत्र वा सम्प्रदायको आधारमा घृणा वा द्वेष उत्पन्न हुने कुनै पनि क्रियाकलापमा भाग लिन नहुने,

ग) राजनीतिक दल वा अन्य कुनै दलगत समूहको स्वार्थमा विद्यार्थी र शैक्षिक संरचनाको प्रयोग गर्न नहुने,

घ) विद्यालयको समग्र शैक्षिक गुणस्तरको अभिवृद्धिमा ध्यान दिनुपर्ने,

बेचन प्रसाद मेहता
अध्यक्ष

ङ) जनप्रतिनिधि समाजकै रोल मोडेल हुने हुँदा सार्वजनिक ठाउँ तथा विधालय वा शैक्षिक संस्थामा उपस्थित रहँदा शैक्षिक क्रियाकलापप्रति नकारात्मक सन्देश प्रवाह हुने कुनै पनि क्रियाकलाप नहुने ।

८९. शिक्षक तथा कर्मचारीले पालन गर्नु पर्ने आचार संहिता :

१) शिक्षक तथा कर्मचारीले शिक्षाको व्यवस्थापन र प्रवद्र्धनका सम्बन्धमा देहायको आचार संहिता पालन गर्नु पर्नेछ :-

क) आफुलाई खटाएको ठाउँमा गई तोकिएको काम गर्नु पर्ने,

ख) निर्धारित समयमा नियमित रूपले विद्यालयमा आए गएको समय जनाई हाजिर हुनु पर्ने र सामन्यतः पहिले बिदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित हुन नहुने,

ग) आफ्नो सेवा सम्बन्धी कुरामा मतलव साध्य गर्ने मनसायले कसैमाथि पनि कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न वा पार्ने प्रयत्न गर्न नहुने,

घ) नेपाल सरकार र नेपाली जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्न वा प्रेसलाई कुनै खबर दिन वा रेडियो वा टेलिभिजन आदि जस्ता सूचना माध्यमद्वारा भाषण प्रसारित गर्न वा कुनै सार्वजनिक भाषण दिन वा वक्तव्य प्रकाशित गर्न नहुने,

ङ)विद्यार्थीलाई अपेक्षित शैक्षिक उपलब्धि हासिल हुने गरी सिकाउने र टिकाउने कार्यलाई मूल कर्तव्य ठान्ने

च)विद्यार्थीलाई योग्य नागरिक बनाउने उद्देश्य लिई अध्ययन र अध्यापनलाई आफ्नो मुख्य लक्ष्य सम्झनु पर्ने,

छ) विद्यालयमा कुनैपनि राजनैतिक विचारधाराको वकालत वा बहस गर्न नहुने,

ज) आज्ञाकारिता, अनुशासन, सद्भाव र सहयोग, नैतिकता र सदाचारिता, सहानुभूति, धैर्य र सच्चरित्रता जस्ता आदर्श मुल्यहरुको प्रोत्साहन गर्नुपर्ने,

झ) कुनैभाषा, सम्प्रदाय तथा धर्म विरोधी भावना शिक्षक तथा विद्यार्थी वर्गमा फैलाउन नहुने,

ञ) सामुदायिक विद्यालयका शिक्षकले व्यवस्थापन समिति र सम्बन्धित शिक्षा अधिकृतको स्वीकृति नलिई आफू वहाल रहेको विद्यालय भन्दा बाहिर काम गर्न नहुने,

ट) विद्यालय वा शैक्षिक संस्थाको माध्यमद्वारा राष्ट्रिय भावना जागृत गरी देशमा भावनात्मक एकता ल्याउन काम गर्नु पर्ने,

ठ) नेपाल राष्ट्रको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी मुलुकमा शान्ति सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालतको अवहेलना हुने वा कुनैपनि कार्यालय वा अधिकृतको कानूनद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधा विरोध हुने गरी प्रदर्शन, हड्ताल, थुनछेक तथा घेराउ गर्न नहुने ।

ड) विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नहुने, बालमैत्री तथा भयरहित शिक्षण सिकाई वातावरण निर्माणमा समर्पित रहने ।

बेचन प्रसाद मेहता
अध्यक्ष

ढ) शिक्षा शाखाले दिएको निर्देशन  पालना गर्ने ।

२)उपदफा (१) बमोजिमको आचार संहिताको पालना भए नभएको अभिलेख शिक्षकहरूको हकमा प्रधानाध्यापकले र प्रधानाध्यापकको हकमा व्यवस्थापन समितिले राख्नु पर्नेछ र आचार संहिता पालना नभएको भए त्यसको विवरण शिक्षा शाखामा पठाउनु पर्नेछ  ।

९० विद्यार्थीले पालन गर्नुपर्ने आचारसंहिता :

विद्यार्थीहरूले देहायको आचार  संहिता पालन गर्नु पर्नेछः–

क) शिक्षकहरुको आज्ञापालन र आदर गर्नुपर्ने,

ख) विद्यालय वा बाहिर जहाँसुकै अनुशासनमा रहनु पर्ने,

ग) राष्ट्रियता, भाषा र संस्कृतिको उत्थानको निमित्त सधैँ प्रयत्नशील रहनुपर्ने,

घ) विद्यालयले आयोजना गरेको कार्यक्रममा सक्रिय रूपमा भाग लिनुपर्ने,

ङ) सबैसँग शिष्ट व्यवहार गर्नुपर्ने,

च) सिकाई तथा विद्यालयले तोकेका कामका लागि जवाफदेही हुने ।

छ) सिकाई सुधार योजना निर्माण गरी आफ्ना सिकाई कमजोरी हटाउन सधै प्रयत्नशील रहने ।

ज) व्यवस्थापन समितिले निर्धारण गरेका अन्य आचार संहिता पालना गर्नु पर्ने ।

९२. नियम तथा कार्यविधि बनाउन सक्नेः

यस ऐनको उद्धेश्य कार्यान्वयन गर्नको लागि कार्यपालिकाले नियमावली वा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

९३.नियम बनाउने अधिकार

१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक शिक्षा नियमावली, निर्देशिका बनाउन सक्नेछ । ऐन र नियमावलिको परीधिमा रहि शिक्षा सम्वन्धि कार्यविधि शिक्षा प्रमुखको सिफारीसमा प्रमुख प्रशासकिय अधिकृतले स्विकृत गर्नेछ ।

९४.संक्रमणकालीन व्यवस्था

१) यस ऐनले तोकिएबमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँकार्यपालिकाले गर्नसक्ने छ ।

९५. निर्णयहरु अनुमोदित मानिनेः

१) यस ऐन बमोजिम शिक्षा समितिले गरेका निर्णयहरु कार्यपालिकावाट अनुमोदित निर्णयसरह लागु हुनेछन ।

९६. बाधा अडकाउ फुकाउने अधिकार

बेचन प्रसाद मेहता
अध्यक्ष

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा– अड्काउ परेमा गाउँकार्यपालिकाले त्यस्तो बाधा–अड्काउ हटाउन आदेश जारी गर्नसक्ने छ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ तर यस्तो आदेश गाउँ सभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वतः निस्क्रिय हुनेछ ।

**९७ . विनियम कार्यविधि र निर्देशिका बनाई लागु गर्न सकिने**

शैक्षिक सुधारका निम्ति देहायबमोजिमका बिषयमा विनियम कार्यविधि निर्देशिका बनाई लागु गर्न सकिनेछ ः

१) असल शिक्षक प्रोत्साहन,

२) अनाथ एवम् सडक बालबालिका शैक्षिक सहयोग,

३) विपन्न समुदायका बालबालिकाका लागि शैक्षिक सहयोग एवम् दिवा खाजा,

४) एकमुष्ठ अनुदानमा आधारित विद्यालय सञ्चालन,

५) नमुना विद्यालय छनोट र विकास,

६) गरिवीको रेखामनि रहेका परिवारका बालबालिकाका लागि शैक्षिक प्रोत्साहन,

७) शिक्षक दरबन्दी व्यवस्थापन एवम् मिलान,

८) विद्यार्थीका लागि सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन,

९) शैक्षिक क्यालेन्डर तथा शैक्षिक पुस्तिका प्रकाशन,

१०) विधुतीय प्रणालीमा आधारित शिक्षा,

११) गाउँशिक्षा परिषद् गठन,

१२) गुणस्तरीय शिक्षाका लागि अनुदान,

१३) अनिवार्य शिक्षा कार्यान्वयन,

१४) एक माध्यमिक विद्यालय एक संकायलाई प्रोत्साहन

१५) विद्यार्थी संख्या अभिबृद्धि कार्यक्रम,

१६) अन्तरविद्यालय सहयोग कार्यक्रम,

१७) विशेष शिक्षा नमुना कार्यक्रम

१८) कक्षा आठ र कक्षा पाँचको गाउस्तरीय परीषा सञ्चालन

१९) शिक्षा शाखाको खरीद कार्य सम्वन्धि कार्यविधि

२०) गोष्ठि तथा तालिम सञ्चालन

२१) शिक्षा समिति तथा अन्य समितिहरु

२२) विविध

**९८. बचाउ र लागू नहुने**

१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोहीबमोजिम र नलेखिएको कुरामा प्रचलित कानुनबमोजिम हुनेछ ।

२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना– मिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछ ।

४) यसअघि कानुनबमोजिम नियुक्त शिक्षक कर्मचारीलाई नेपाल सरकारले दिँदै आएको सुविधामा कुनै किसिमको कटौति गरिने छैन तर यस व्यवस्थाले कानुनबमोजिम दण्ड, सजाय र कारवाही गर्न बाधा पर्ने छैन ।